महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
बबई गाउँपालिका, दाङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकताा	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं:- ९८

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ ।

विषय:- लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरूको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं.: ९८

मितिः २०७८।५।४

श्री अध्यक्षज्यू,
बबई गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, दाङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बबई गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ असार ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यसँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रू. ७२ लाख ३९ हजार बेरुजू देखिएको छ । सोमध्ये असूल गर्नुपर्ने रू. १५ लाख ६३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रू. ३४ लाख ९८ हजार नियमित गर्नुपर्ने रू. २१ लाख ७८ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७७।१२।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश नभएकोले कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४० (चालीस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बबई गाउँपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बबई गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु बबई गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, २५७.४७ वर्ग किलोमिटर क्षेत्रफल तथा २७४६९ जनसंख्या रहेको छ।

स्थानीय संचित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाँउपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**			क	**चालु खर्च**		१७५६०३६९२.९
	क) नगद	-		ख	पूँजीगत खर्च जम्मा		१६२५१३९६५.९
	ख) बैंक	३२,२९०,७८७.३५	३२,२९०,७८७.३५		संघ खर्च		
२	**राजस्व (आन्तरिक आय) जम्मा**		४७,९७९,०२९.१४	१	संघ समानीकरण खर्च	७५,४९९,७७३.००	
	क) आन्तरिक राजस्व	१७,९७९,०२९.१४		२	संघ सशर्त खर्च	१३३,०७०,५७८.४४	
	ख) राजस्व वाडफाड (जि.स.स.अनुदान प्राप्त)	३०,०००,०००.००		३	संघ राजस्व वाडफाड खर्च	६४,०१७,००१.००	
	ग) अन्य आय	-			प्रदेश खर्च		
३	**वित्तीय हस्तान्तरण संघिय सरकार**		३०८,१७४,८१३.८८	१	प्रदेश समानीकरण खर्च	२,९००,०००.००	
	क) वित्तीय समानीकरण अनुदान	९९,६००,०००.००		२	प्रदेश सशर्त खर्च	४,४३२,५६५.००	
	ख) सशर्त अनुदान	१४९,४३०,०००.००		३	प्रदेश समपुरक खर्च	८,९१४,१९७.५०	
	ग) समपूरक अनुदान	-		४	प्रदेश विशेष अनुदान खर्च	१,५६३,६१५.००	
	घ) राजस्व वाडफाड	५९,१४४,८१३.८८			प्रदेश राजस्व वाडफाड	२,८००,०००.००	
	संघिय सरकारबाट प्राप्त रोयल्टी	४४५,५७५.००		१	**आन्तरिक श्रोत खर्च**	४४,९१९,९२८.८६	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		३७,८१७,७९७.००		वित्तीय व्यवस्था भुक्तानी		
	क)वित्तीय समानीकरण अनुदान	४,३४८,०००.००		१	क) ऋण भुक्तानी		
	ख) सशर्त अनुदान	९,०००,०००.००		२	**ख) ब्याज भुक्तानी**	-	
	ग) समपूरक अनुदान	१२,६४४,०००.००		३	**कुल फिर्ता**	-	३१२९३०४४.०६
	घ) विशेष अनुदान	८,२००,०००.००		४	ग) संघीय सरकार शसर्त निकासा फिर्ता	१६,३५९,४२१.५६	
	ङ) राजस्व वाडफाड	३,६२५,७९७.००		५	घ) प्रदेश सरकार शसर्त निकासा फिर्ता	४,५६७,४३५.००	
६	**वित्तीय व्यवस्था प्राप्ति**	-		६	ङ) प्रदेश समपुरक निकासा फिर्ता	३,७२९,८०२.५०	
	क) ऋण प्राप्ति	-		७	च) प्रदेश विशेष अनुदान फिर्ता	६,६३६,३८५.००	
	ख) साँवा प्राप्ति	-			ऋण लगानी	-	
	ग) ब्याज प्राप्ति	-		८	शेयर लगानी	-	
	घ) अन्य प्राप्ति	-		९	अन्य लगानी	-	
७	**विभिन्न कोषतर्फको आय**	**-**		१०	धरौटी (खर्च) फिर्ता	२,७५२,९९२.४५	२,७५२,९९२.४५
	प्रकोप व्यवस्थापन कोष तर्फ आय	**८,९७६,८९४.००**	**८,९७६,८९४.००**	११	प्रकोप व्यवस्थापन कोष खर्च	७,२५९,६९९.००	७,२५९,६९९.००
	विभाज्य कोष तर्फ	**१३,२५१,०५७.००**	**१३,२५१,०५७.००**	१२	विभाज्य कोष खर्च	८,७२९,९३२.००	८,७२९,९३२.००
८	**जनसहभागिता (नगद)**	-	-	१३	**मौज्दात**	-	
९	**विषयगत निकायबाट प्राप्त रकम**	-	-	१४	क) नगद मौज्दात	-	
१०	**धरौटी आय**	**६,८३२,५५३.४५**	**६,८३२,५५३.४५**		**ख) बैंक मौज्दात तर्फ**		६९४०५३४९.६६
११	**लगानीको साँवा फिर्ता**	-	-		संचित कोष खाता	५९,०८७,४६८.६६	
१२	**अन्य विविध आय**	२,२३५,७४४.१५	२,२३५,७४४.१५		धरौटी खाता	४,०७९,५६१.००	
					विभाज्य कोष खाता	४,५२१,१२५.००	
					प्रकोप व्यवस्थापन खाता	१,७१७,१९५.००	
	जम्मा	**४५७,५५८,६७५.९७**	**४५७,५५८,६७५.९७**		**जम्मा**	४५७,५५८,६७५.९७	४५७,५५८,६७५.९७

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा पेश भएको स्रेस्ता तथा आर्थिक कारोबारहरूको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मानदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तीय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरू उपर मिति २०७७।१२।१७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरू निम्न अनुसार छन् :	
	वित्तीय विवरण विश्लेषण	
१	**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन। सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ। • स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र स्रेस्ताको मौज्दात रू. ५८७८०४७४.८० ले फरक देखिएको छ । गाँउपालिकाले पफरक परेको मध्ये बैंक समायोजन हिसाब अनुसार चेक साट्न बाँकी रहेको कारण पेश गरेको छ । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरूको गोश्वरा भौचर बजेट शीर्षकगत बैंक नगदी किताबमा नजनाएकाले स्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरूको एकमुष्ट हिसाब गर्दा मौज्दात ऋणत्मक नरहेको अवस्था छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश भएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२	**बैक हिसाब मिलान नगरेकोः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकीन गनुपर्ने रू.	११११९६६६.०४

सि. नं.	खाताको नाम	स्रेस्ता अनुसार बाँकी	साट्न बाँकी चेक	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष	९,७२२,५६८.८०	४,७१७,३७४.२२	३,८५०,६५३.०९	१,१५४,५४१.४९
२	विपद व्यवस्थापन	१,७१७,१९५.००	१,४९०,१८२.००	३,२३९,३९४.००	(३२,०१७.००)
३	कर्मचारी कल्याण कोष	४२५,०००.००	-	४२५,०००.००	-
४	पुजिगत खाता	२८,८६१,७१२.६४	३१,५५९,९१५.५०	६०,४२१,६२८.१४	-
५	चालु खाता	१७,८९७,९९९.६०	३१,१७९,५५२.५६	४९,०७७,५५२.१६	-
६	राजस्व खाता (संचितकोषमा भएको)	-	-	-	-
७	विभाज्य कोष	४,५२१,१२५.००	४९९,१९७.००	५,०२०,३२२.००	-
८	धरौटी खाता	४,०७९,५६१.००	१११,३३२.००	३,९७१,०८७.४५	(२,८५८.४५)
	जम्मा	**६७,२२५,१६२.०४**	**६९,५५७,५५३.२८**	**१२६,००५,६३६.८४**	**१,११९,६६६.०४**

३ **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् चालु खर्च खातामा रू. १७८९७९९९.६० पुँजीगत खर्च खाताबाट रू. २८८६१७१२.६४ आन्तरिक आयबाट रू. ५०२०३२२।—, राजस्व बाँडफाँड रू. ७३०७४३४.४२ समेत गरी जम्मा रू. ५९०८७४६८.६६ मिति २०७७।४।२८ मा मूल संचित कोषमा ट्रान्सफर गरेको छ ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- कार्यालयको स्रेस्ता र बैकबीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा वैक हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा यकीन गर्न सकिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।
- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरू गठन गरेको पाइएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाइयो।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाइयो
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।
- साना तथा ठुला सवै निर्माण कार्यको नापी किताव कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ । कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटाइज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ ।
- अधिकांश सडक तथा कुलो-नहर निर्माण तथा मर्मतमा सो स्थानको चेनेज नं. उल्लेख गर्ने नगरेबाट एकै कार्यको लागि दोहोरो भुक्तानी हुन सक्ने र निर्माणस्थलको अनुगमन निरीक्षणमा द्विविधा हुने भएकोले जुनसुकै समयमा पनि निर्माणस्थलको पहिचान हुने गरी चेनेज लगायतका संकेतहरूलाई अनिवार्य गर्नुपर्दछ ।
- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदीई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

	• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । गाउँपालिकाले यो वर्ष वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सरसफाईको काममा गाउँक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, जस्ता वातावरण सुधारको गाउँपालिकाले कुनै कार्यक्रम तथा बजेट नराखे कार्यले स्वच्छ तथा सफा गाउँ वनाउन तर्फ ध्यान पुगेको देखिएन । अत गाउँ सरसफाई तथा वातावरण संरक्षणका कार्यक्रमहरू समेत संचालन गर्नुपर्दछ । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३६ जनाको दरबन्दी रहेकोमा पुरै पदपूर्ति भएको पाइयो । • सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकीन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४	**सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	

	बजेट तथा कार्यक्रम	
५	**बजेट पेश, पारित र अख्तियारी-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री सावित्री विश्वकर्माले मिति २०७६।३।१० गते रू. ४३ करोड ९६ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।२२ गते पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६	**अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रू.३३ लाख ६० हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको वैठकबाट वाडफाड गरी कृषि तर्फका कार्यक्रम शीर्षकमा पुरै रकम खर्च गरेकोछ । बजेट अबण्डमा राखी खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
७	**बजेट सीमा निर्धारण समिति** :स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानूनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
८	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदीई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९	**नीति तथा मार्गदर्शन**: गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा मार्गदर्शन २०७६ असार ८ गते गाँउसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वयन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्यिनको लागि गाँउपालिकाले आवश्यक पहल गर्नु पर्ने	

	देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वयन नभएका उदाहरण देहाय अनुसार छन्: • एक टोल एक उत्पादनको नीतिलाई प्राथमिकता दिई आवश्यक व्यवस्था मिलाईने • वालानन्द चोक देखी सितापुर गंगालाल मार्ग चन्द्रनगर मदन आश्रीत चोकदेखी भृकुटीनगर ज्वालामार्ग सडक लागत साझेदारीमा कालोपत्रे गरिने • आ.व. २०७६।७७ लाई "बबई खानेपानी वर्ष" को रुपमा लिई बबई गाँउपालिका भित्र रहेका खानेपानी योजनाहरूलाई व्यवस्थित गरिने • आगामी २ वर्ष भित्र बबई गाँउपालिकाका सम्पूर्ण घरहरूमा शुद्ध खानेपानीको व्यवस्था गर्न एक घर एक धारा नीति अबलम्वन गरिने • सबै वालवालिकालाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्ने संबैधानिक व्यवस्थालाई पूर्ण रुपले कार्यान्वयन गरिनेछ । यसका लागि विद्यार्थीबाट कुनैपनि शुल्क नलिने शर्तमा तहगत रुपमा सबै विद्यालयहरूलाई व्यवस्थापन अनुदान उपलब्ध गराइने • गाँउपालिकामा एक खेल एक प्रशिक्षकको व्यवस्था गरी खेलकुद क्षेत्रलाई प्रभावकारी वनाइने • आगामी २ वर्ष भित्र बबई गाँउपालिकाका सवै वस्तीहरूमा विद्युत सेवा उपलब्ध गराइने • हापुरेलाई स्वच्छ तथा सफा राख्न व्यवस्थित ढल निर्माण गरी हरित शहरको रुपमा विकास गरिनेछ • "हरियो वन बबईको धन" भन्ने मूल नारालाई मध्यनजर राखी स्वच्छ, सुन्दर र हरियाली गाँउपालिका बनाउन ग्रीन पार्क निर्माण, बृक्षारोपक्ष तथा संरक्षणमा अभियानको नीति अवलम्वन गरिने • मेरो गाँउ विकासमा मेरै योगदान, कर तिर्नु असल नागरिकको पहिचान भन्ने मान्यतालाई प्रोत्साहित गरी अधिकतम व्यक्ति र क्षेत्रलाई करको दायरामा ल्याई राजस्व संकलनमा विशेष योजना वनाइने नीति तथा मार्ग दर्शनको कार्यान्वयन हुनु पर्दछ ।	
१०	**योजनाहरू कार्यान्वयन नभएको:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार दश गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी आषाढ मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ को लागि रू. ४३ करोड ९६ लाखको बजेट पारित गरेको छ । बजेटमा समावेश भएका कुल ५४९ वटा योजनाहरू मध्ये यस वर्ष २५७ वटा योजनाहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका रू. १० लाख भन्दा माथिका योजनाहरू देहाय अनुसार छन् ।	

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	खर्च शीर्षक	विनियोजन रू. (हजारमा)
१	खेलमैदानको डिपिआर	३११३५	२०,००
२	गगटे सडक निर्माण	३११५१	३७,००
३	गेट निर्माण	३११५९	१८,००
४	गेट निर्माण	३११५९	१२,००
५	गा पा क्यान्टीन निर्माण	३१११२	१०,००
६	गा पा यातायात गुरुयाजना निर्माण	३११७२	१०,००
७	जलुके हुरुम खानेपानी योजना	३११५६	१२,५०
८	दलित सग्राहालय भवन निर्माण	३११११	१२,००
९	प्रकोप व्यवस्थापनको लागि राहत वितरण	२२५२२	४०,५०
१०	पार्क निर्माण	३११५९	१६,००
११	पार्क निर्माण	३११५९	२४,००
१२	झार गजेरी खानेपानी योजना	३११५६	१०,००
१३	भालुडाँडा खा पा योजना	३११५६	११,००
१४	विभिन्न सडकहरूको डिपिआर निर्माण	३११३५	१५,००
१५	सुनपुर लिफ्ट खा पा योजना	३११५६	१०,००
१६	प्रदेश सरकार समपुरक अनुदान	३११५९	१,५०,००
१७	शसर्त पुँजिगत अनुदान प्रदेश नं. ५	३११५६	४०,००

कार्यालयको भनाइः कोभिड १९ महामारीको कारण उपरोक्त योजनाहरू कार्यान्वयन गर्न नसकिएको कार्यालयको भनाइ रहेको छ ।

११ **चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशीर्षक	कुल खर्च	चौमासिक खर्च			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	आषाढ महिना
चालु खर्चतर्फ	१७७०९१२२४.४४	४१४३३०१०.४०	२३६६६७५७.५७	१११९९१४५६.४७	४२७२८९२०.९४
पूँजीगत खर्चतर्फ	१६२५१३९६५.८६	-	२२८४९६९६.८६	१३९६६४२६९.००	९३७४७७८०.००
जम्मा	३३९६०५१९०.३	४१४३३०१०.४	४६५१६४५४	२५१६५५७२५.५	१३६४७६७०१
प्रतिशत		१२.२०	१३.७०	७४.१०	४०.१९

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू. ३३ करोड ९६ लाख ५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रू. ४ करोड १४ लाख ३३ हजार अर्थात १२.२० प्रतिशत, दोश्रो चौमासिकमा रू.४ करोड ६५ लाख १६ हजार अर्थात १३.७० प्रतिशत र तेस्रो चौमासिकमा रू.२५ करोड १६ लाख ५६ हजार अर्थात ७४.७० प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रू.१३ करोड ६४ लाख ७७ हजार अर्थात ४०.१९ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१२ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक बजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५४,४३२,०००.००	३५,६८९,३७८.००	१०.५१
सामाजिक क्षेत्र	१७०,२५५,०००.००	१२८,७८५,८२०.३४	३७.९२
पूर्वाधार विकास क्षेत्र	१६९,२६९,०००.००	९४,९५८,३२४.८६	२७.९६
वातावरण तथा विपद्व्यवस्थापन	-	-	०.००
संस्थागत विकास र सेवा प्रवाह	६,४९०,०००.००	२,६४६,८०४.००	०.७८
वित्तीय व्यवस्थापन र सुशासन	-	-	०.००
कार्यसञ्चालन तथा प्रशासनिक खर्च	८९,४७८,०००.००	७७,५२४,८६३.१०	२२.८३
जम्मा	४८९,९२४,०००.००	३३९,६०५,१९०.३०	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ३७.९२ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास र सेवा प्रवाहमा ०.७८ प्रतिशत बजेट विनियोजन गरेको छ ।

१३ **खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू. १७९७९०२९.१४ गत वर्षको मौज्दात रू. ३२२९०७८७.३५ राजस्व बाँडफाँडबाट रू. ३००००००।— र अन्तर सरकारी अख्तियारीबाट रू. ३४५९९२६१०.८८ समेत रू. ४२६२६२४२७.३७ आम्दानी भएकोमा चालु तर्फ रू. १७५६०३६९२.९ र पूँजीगत तर्फ रू. १६२५१३९६५.९ र समेत रू. ३३९६०५१९०.३० खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ५.२९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रू. ३३१४०००।—खर्च भएको छ जुन आन्तरिक आयको ३२.२६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५२.१५ प्रतिशत चालु र ४७.८५ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१४ **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र वार्षिक स्तरक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगति	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	५४९	२५७	१४	४०	६८

१५ **ठेक्का व्यवस्थापनः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट १७ वटा ठेक्का सम्झौता गरेकोमा पहिलो चौमासिकमा ४ वटा दोस्रो चौमासिकमा १२ वटा र तेस्रो चौमासिकमा २ वटा ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी दोसो र

चेस्रो चौमासिकमा मात्र ठेक्का सम्झौता गरी प्रगति शतप्रतिशत देखाउने गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । नियमको पालना हुनु पर्दछ ।

१६ **ठेक्काको विवरण-** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

१७ **खरिद कार्यमा प्रतिस्पर्धाको स्थितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) तथा नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेकोछ ।साथै सोही ऐनको दफा २६(६) बमोजिम कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा रद्द हुने ऐनको प्रावधान रहेको छ ।कार्यालयले यस वर्ष १५ वटा निर्माण तथा खरिद कार्य ठेक्का मार्फत गरेको छ । उक्त मध्ये ३ ठेक्कामा ५ प्रतिशत भन्दा घटी प्रतिस्पर्धा र ७ ठेक्कामा ३० प्रतिशत भन्दा बढीमा ठेक्का प्रतिस्पर्धा भएको देखिन्छ । कायालयले यस वर्ष विभिन्न निर्माण तथा खरिदमा देहाय अनुसार प्रतिस्पर्धा गरेका भएको देखिन्छ।

क्र.स.	कार्यक्रमको नाम	ठेक्का नम्बर	बोलपत्र बि क्र संख्या	बोलपत्र दा खला संख्या	बोलपत्र फर्ता संख्या	लागत अनुमान	स्वीकृत रकम	घटी प्रतिशत
१	गाउँपालिकाको प्रशासनिक भवन निर्माण	०६/२०७६-७७	१	१	०	२३११८	२२६९१	१.८४
२	पंचकुले चरकमटिया सड्क कालोपत्रे ए	७/२०७६-७७	४	४	०	९७४१	५५६५	४२.८७
३	पंचकुले चरकमटिया सड्क कालोपत्रे वि	९/२०७६-७७	८	८	०	४५६४	४५२२	०.९३
४	सल्लीकोट पातीहाल्न सड्क कालोपत्रे ए	०८/२०७६-७७	१०	१०	०	८६२०	५५६५	३५.४४
५	सल्लीकोट पातीहाल्न सड्क कालोपत्रे वि	१०/२०७६-७७	१९	३	१६	४१७२	३६७३	११.९६
६	गाउँपालिका जाँने सड्क कालोपत्रे	११/२०७६-७७	९	८	१	८५९७	५८३५	३२.१३
७	बबई गा.पा.५ सहिदगेट देखि भुषालचोक सड्क र्निमाण एवम कालोपत्रे	१२/२०७६-७७	१५	४	११	३९९९	३८०५	४.८७
८	शाखा कार्यालय भवन निर्माण	१३/२०७६-७७				७९९५	५७८९	२७.५९
९	प्रशासनिक भवन निर्माण वडा नं. १	०१/२०७६-७७	२६	१७	९	४८५०	३०७२	३६.६७
१०	प्रशासनिक भवन निर्माण वडा नं. २	०२/२०७६-७७	२१	१६	५	४८५०	२८७३	४०.७६
११	प्रशासनिक भवन निर्माण वडा नं. ४	०३/२०७६-७७	२५	१४	११	४८५०	३०७२	३६.६७
१२	प्रशासनिक भवन निर्माण वडा नं. ५	०४/२०७६-७७	२१	१३	८	४८५०	३४९२	२८.०१
१३	प्रशासनिक भवन निर्माण वडा नं. ६	०५/२०७६-७७	२७	१५	१२	४८५०	३०७२	३६.६७
१४	supply and delivery of 4 Wd Double Cab	०३/२०७६-७७	२	२	०	४२०९	३८९०	७.५८
१५	supply and delivery of 4 Wd BACK HOE		२	२	०	४९९६	४१००	१७.९३

संगठन तथा कर्मचारी ब्यवस्थापन

१८ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३० जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौं २ जना, सहायक स्तर ४ जना लगायतका पदहरू रिक्त

	देखिन्छ । रिक्त मध्ये १७ जना करारमा नियुक्त गरेको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
१९	**कर्मचारी करार**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा १८ जना कर्मचारीहरू करारमा राखि रू.५३४०५९०।— खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेक प्राविधिक ४ जना कर्मचारी करारमा नियुक्ति गरी वर्षभरीमा रू. १५७९०००।— भुक्तानी गरेको अनियमित देखिएको रु	१५७९०००.००
२०	**कल्याण कोष**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा कल्याण कोषमा गर्नुपर्ने व्यवस्था छ । ऐनको व्यवस्था बमोजिम योगदानमा आधारित अवकास सुविधा सम्बन्धी कानून तर्जुमा गरी लागू गर्न आवश्यक देखिन्छ ।	
२१	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२२	**सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १९ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्म दर्ता १३४५ वटा, मृत्यु दर्ता ११३ वटा, विवाह दर्ता १५१ वटा, सम्बन्ध विच्छेद ४ वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले पूर्वाधार विकासमा ४७.८५ प्रतिशत बजेट खर्च गरेको भएपनि कालोपत्रे सडक ३.३४ कि.मी., कालोपत्रे सडक मर्मत ०.६० कि.मी. र ग्राभेल सडक निर्माण १६.५० कि.मी. निर्माण गरेको भौतिक प्रगतिको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनको समेत विवरण अध्यावधिक गर्नु पर्दछ ।	

२३ **योजना छनोट र कार्यान्वयन**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०७६/७७को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रू. १ लाख सम्म	रू. १ लाख देखि २ लाखसम्म	रू. २ लाखदेखि ५ लाखसम्मका	रू. ५ लाख देखि १० लाखसम्मका	रू. १० लाखभन्दा बढीको	जम्मा
१५७	२७८	७८	२६	१०	५४९

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. एक लाख देखि १० लाख सम्मका जम्मा ५४९ वटा योजना संचालन गरेकोमा रू.१ लाख भन्दा मुनिका मात्र १५७ वटा योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

२४ **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ३ वटा नियमावली, १९ वटा कार्यविधि ३ वटा निर्देशिका, १ वटा आचारसंहिता र १ वटा नीति लगायत ३६ वटा कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले ३६ वटा कानूनहरू निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि एक कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन् । सबै कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२५ **न्यायिक समिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ र यो वर्ष थप भएको ६६ गरी कुल ८४ विवाद दर्ता भएकोमा ४२ वटा मात्र फछ्र्यौट भई ४२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२६ **निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समूहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन

सम्बन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

गाउँपालिकाले कृषि औजार, ह्याण्ड पम्प, सिंचाइ बोर जडान लगायतका सामग्री वितरण तथा फलफुल विरुवा, बाख्रा र कुखुरा लगायतका कार्यक्रम सञ्चालन गर्दा सरोकारवालाहरूलाई सूचना प्रवाह, प्रस्ताव/माग संकलन, लाभग्राही छनौट र वितरण सम्बन्धी प्रकृया एवं मापदण्ड तर्जुमा नगरेकोले आम नागरिकको पहुँच सुनिश्चित र पारदर्शी भएको पाइएन । यसले गर्दा गाउँपालिकाले वितरण गरेको सामग्री तथा अनुदान न्यायोचित छ भन्ने आधार देखिएन । यसमा सुधार हुनु पर्दछ ।

पदाधिकारी सुविधा

२७ **पदाधिकारी सुविधा**- लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफुनिर्वाचित भई अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदालतको आदेशले २०७६ कार्तिक १ गतेबाट लागू हुने गरी उक्त सुविधाहरू खारेज गरिएको छ । जसअनुसार लुम्बिनी प्रदेश सरकारले प्रथम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनुसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । जसबाट स्थानीय तहका पदाधिकारीहरूले मासिक पारिश्रमिक वापतको सुविधा पाउने देखिंदैन । तर पालिकाले पदाधिकारीको साउन देखि असोज सम्म मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रू. १३ लाख १४ हजार खर्च लेखेको देखिन्छ ।

स.नं.	ववरण	प्रमुख	उपप्रमुख	वडा अध्यक्ष ७	कार्यपा लका सदस्य ६	सभाका सदस्य २३ जना	कुल खर्च
१	मा सक सु वधा	९००००	८१०००	४२००००	२४००००	४८३०००	१३१४०००

२८ **सल्लाहकारः** २२७—२०७७।०३।१२ लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ति गर्न नहुने उल्लेख छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी कानूनी सल्लाहकारलाई मिति २०७६ कार्तिक ९ देखि २०७७ आषाढसम्म कार्य गराइ मासिक रू.१५०००।- का दरले रू. १३२०००।- खर्च गरेको छ । कानूनमा उल्लेखित सुविधा वाहेक सल्लाहाकार कर्मचारी नियुक्ति गरी खर्च गरेको नियम संगत देखिएन ।

२९ **दोहोरो भत्ताः** २८, २०७६।०६।१५ स्वकीय सचिव डिल्लीबहादुर वलीले २०७६।६।१३ देखि १५ सम्म लैंगिक समानता र सामाजिक न्याय विषयक तालिममा सहभागी भएबापत दैनिक भ्रमण खर्च रू.३०००।- भुक्तानी दिएकोमा उक्त कार्यक्रम संचालन गर्ने संस्थाले आवास सहितको सुविधा उपलब्ध गराएको पत्रमा उल्लेख भएको देखिएकोले २ दिनको दैनिक भत्ता बापतको रकम रू. २४००।- स्वकीय सचिव डिल्लीबहादुर वलीबाट असूल गरी दाखिला गर्नुपर्ने रू. २४००.००

३० **कार्यालय सम्बन्धी खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी रू. २१११८२२।०० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित नगरी सोझै खरिद गर्दा न्यून लागतमा सामान प्राप्त नहुने र गुणस्तरमा समेत प्रभाव पर्ने हुँदा प्रतिस्पर्धात्मक रुपले आपूर्तिकर्ता छनौट गरी खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालय गम्भिर बन्न जरुरी छ । खरिदको नियन्त्रण प्रणाली कमजोर रहेको र पटक पटक खरिद गरी प्रतिस्पर्धात्मक प्रक्रिया अवलम्बन गरेको नदेखिँदा उक्त खर्च रकम नियम सम्मत देखिएन । कानूनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ ।

३१ **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरूको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्बन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा केही गोश्वारा भौचरमा सोको मर्मत आदेश र मर्मत कार्यको अभिलेख नराखी रू. ७३६५९४।०० खर्च लेखेको छ । मर्मत आदेश र मर्मत अभिलेख खाता तयार गरी मात्र खर्च लेख्नुपर्दछ ।

३२ **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष रू.१३२४४१२।०० इन्धन खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

भौ.नं./मिति	फर्मको नाम	रकम
२७३ ०३।३१	राम सप्लायर्स हापुरे	१३२४४१२।००

३३ **आर्थिक सहायता**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रू. १ लाख आर्थिक सहायता वितरण गरेका छन् । असक्त र असाहाय विरामीलाई मात्र यस्तो खर्च दिएको कार्यालयको भनाई रहेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

अनुदान फिर्ता, वितरण र उपयोग

३४ **अनुदान फिर्ता**– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । खर्च नभई बाँकी रहेको रकम संघीयको सरकारको रू. १६३५९४२१.५६ मिति २०७७।३।३१ र प्रदेश सरकारको मिति २०७७।४।१४ मा रू. १०३६६१८७.५० र २०७७।६।२ मा रू. ४५६७४३५.० समेत जम्मा रू. ३१२९३०४४.०६ फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१४९४३००००	१३३०७०५७८.४	१६३५९४२१.५६
	विषेश			०
	समपुरक			०
	अन्य			०
प्रदेश सरकार	शसर्त	९००००००	४४३२५६५	४५६७४३५
	विषेश	८२०००००	१५६३६१५	६६३६३८५
	समपुरक	१२६४४०००	८९१४१९७.५	३७२९८०२.५
	अन्य			
		१७९२७४०००	१४७९८०९५५.९	३१२९३०४४.०६

३५ **अन्य कार्यालयको खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम स्वीकृत निकायको लागि भएको र सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च नगर्ने व्यवस्था छ । नेपाल रेडक्रश शोसाइटिको पर्खाल निर्माण गरे वापत रू. २०००००।-, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयको लागि आवश्यक पर्ने फर्निचर खरिद रू. ७६९१३०।०० समेत रू. ९६९१३०।- खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३६ **वार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू. १६ करोड २५ लाख १४ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

३७ **सवारीसाधन खरिद-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान ब्याकहो लोडर १ थान रू. ४१०००००।—, स्वायल कम्प्याक्टर १ थान रू. ३३३८१६५।—, पिकअप रू. १ थान रू. ३८९०००।—मोटरसाइकल २ थान रू. ४७४८००।- समेत रू. ११८५३८००।— बजेटबाट खर्च गरेको छ ।सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधान उपयोग गर्नु पर्दछ ।

३८ **मूल्य अभिवृद्धि कर कट्टी** - ३५—२०७७।१।२६ आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले सिप्रदी ट्रडिङ प्रा.लि.बाट रू. ३८९००००।— मा पिकअप गाडी खरिद गर्दा सम्झौता अनुसारको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रू. २२३७६१.०६ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रू.

२२३७६१.०६

कर दस्तुर एवं आन्तरिक आय

३९ **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय/व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू. ३ करोड ८० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रू. १ करोड ५६ लाख अर्थात अनुमान भन्दा ४१.०५ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

४० **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३४ करोड ६० लाख	१ करोड ५६ लाख	४.५०

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.५० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	आय शीर्षक	शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	११३१३	एकीकृत सम्पत्ती कर	३,५००,०००.००	५४,१८५.००	१.५५
२	११३१४	भूमिकर/मालपोत	३,२००,०००.००	१,७९६,९०२.५९	५६.१५
३	११३२१	घरवहाल कर	१,६००,०००.००	२५,७२०.००	१.६१
४	११३२२	वहाल विटौरी कर	१,५००,०००.००		-
५	११६३१	कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	१००,०००.००		-
६	११६९१	अन्य कर	१२,२००,०००.००	२४७,१२०.००	२.०३
८	१४१९१	पर्यटन शुल्क	१,०००,०००.००		-
९	१४२४१	पार्किङ्ग शुल्क	१,५००,०००.००		-
१०	१४२४३	सिफारिश दस्तुर	४,५००,०००.००	१,१४८,४२१.५०	२५.५२

११	१४३१२	प्रशासनिक दण्ड जरिवाना र जफत	६००,०००.००	२४०,५००.००	४०.०८
१२	१४५२९	अन्य राजस्व	१००,०००.००	११,८९६,७१४.०५	११,८९६.७१
१३	१४६११	व्यवसाय कर	३,०००,०००.००	२२२,८४८.००	७.४३
		जम्मा	३२,८००,०००.००	१५,६३२,४११.१४	४७.६६

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

४२ **राजस्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरूमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद प्रयोगमा ल्याउन सक्ने हुँदा कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजस्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

४३ **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले राजस्व असुलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरूमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसिद नियन्त्रण खाता अद्यावधिक नगरेकोले राजस्व मा गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाहरूमा प्रयोग भएका रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भनी आश्वस्त हुन सकिएन । आम्दानी जस्तो संवेदनसिल विषयमा गम्भिर भई रसिदको प्रयोगलाई व्यवस्थित बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

४४ **गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानून अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरूको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरूले तर्जुमा गरेका कानूनहरू संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टी, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ।

४५ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजस्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५, १०६ र १०८ राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५ र म.ले.प.फा.नं.

१०८ का फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । कार्यालयले यस वर्ष आन्तरिक आय रू.१७९७९०२९।१४ बैङ्क जम्मा भएको आधारमा आम्दानी जनाउँदा दैनिक आम्दानी, दाखिला रजिष्ट्रर एवम् गोश्वारा भौचर खडा गरेको छैन । रसिद नम्वर र वैंक भौचरलाई दैनिक आम्दानी रजिष्टरमा पोष्टिङ्ग नगरी वैंकमा आम्दानी भएको र राजस्व असूल गर्ने व्यक्तिको जम्मा गर्न ल्याएको आधारमा आम्दानी वाँधेकोले खातासँग भिडान गर्न सक्ने अवस्था रहेन । यसबाट राजस्व चुहावट हुन सक्ने हुँदा खाता प्रविष्टी गरेर मात्र दाखिला गर्नुपर्दछ ।

४६ **राजस्व दाखिला शीर्षक फरकः** नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभागको मिति २०७६।४।१ देखि कायम भएको आ.व. ०७५।७६ को राजस्व संकेत नं. बमोजिम नदीजन्य पदार्थ ढुंगा, गिटी, वालुवा उत्खनन संकलन बिक्री वितरण वापतको मूल्य अभिवृद्धि कर आ.व. ०७५।७६ मा कायम भएको संकेत राजस्व शीर्षक नं. ३३३१७ मा दाखिला गर्नुपर्नेमा देहायको मितिमा राजस्व शीर्षक नं. ३३३१३ मा दाखिला गरेकोले सम्बन्धित राजस्व शीर्षकमा दाखिला मिलान गर्नुपर्ने रू..... ७१६९५.००

ठेक्का नं.	फर्मको नाम	दाखिला शीर्षक	दाखिला भएको शीर्षक	दाखिला रकम
०४/BRM/NCB/०७६/७७	प्रमोद निर्माण सेवा	३३३१४	३३३१७	१९६९५.००
१०/BRM/NCB/०७६/७७	दिप प्र वन कन्स्ट्रक्सन	३३३१४	३३३१७	५२०००.००
जम्मा				७१६९५.००

४७ **व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू. २२२८४८।– कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

४८ **नन्फाइलरः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रू. ३०८२९.२ समेत रू. २६८००५.२ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाइलर रहेको पाइयो ।

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	नन्फाइलर रहेको मिति	भुक्तानी रकम	मूअकर कर रकम
९–२०७६।९।२८	एम.डि.पी. निर्माण सेवा	६०४३२२४३२	२०७६/M/८	१०४००५.२०	११९६५.२०
२६४–२०७७।३।३१	दाजु भाइ निर्माण सेवा प्रा.लि.	६०३५७५२४६	२०७६/ M /२	१६४०००	१८८६४.००
जम्मा				२६८००५.२	३०८२९.२

कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रू. ३०८२९.२०

४९ ३५-२०७७।१।२६ मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (एक्काइसौ सम्शोधन) को नियम ६ (ग) अनुसार आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको ५० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने रकम मात्र भुक्तानी गर्नु पर्ने व्यवस्था रहेकोमा सिप्रदी ट्रेडिङ्गलाई सवारी साधन खरिद वापत रू. ३८९००००।- भुक्तानी गरेकोमा सोमा समावेश भएको मूल्य अभिबृद्धि करमध्ये ५० प्रतिशतले हुने रू.२२३७६१.०६

	भुक्तानीमा कट्टी गरी दाखिला गर्नुपर्नेमा शतप्रतिशत रकमनै व्यवसायीलाई भुक्तानी दिएको पाइएकोले उक्त रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा विवरण पेश गरी समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.	२२३७६१.०६
	उपभोक्ता समिति मार्फत कार्य	
५०	**प्राविधिक बील र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बीलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बीलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकीन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बील बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
५१	**हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएतापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
९-२०७६/९/२८	सडक मर्मत सुधार बबई ३	सडक सुधार	१९४०००	डोजर	१९४०००
२१—२०७६।१०।१६	साझेदारी सडक निर्माण बबई ४	सडक कालोपत्रे	४२२४०००	ग्रेडर, लोडर, मिक्चर	५६५०००
३९—२०७७।२।१	सडक मर्मत सुधार बबई ५	सडक सुधार	१९४०००	जे.सी.बी.	१७४००८
४०—२०७७।२।१	सडक मर्मत सुधार बबई ५	सडक सुधार	३८८०००	जे.सी.बी.	३२८०१६.४०
४३—२०७७।२।६	धोवीघाट सडक मर्मत बबई १	सडक सुधार	२९४०००	जे.सी.बी.	२९१०१४.५५
५९—०७७।२।१२	गुरै खेला सडक मर्मत बबई १	सडक सुधार	२१४५०५.०५	जे.सी.बी.	१७८००८.९०
१३२–०७७।३।१५	सुपारे टोल सडक स्तरोन्नति	सडक सुधार	१९०८५१	जे.सी.बी.	१२००००.५०
१३४-०७७।३।१५	शिवनगर सडक स्तरोन्नति	सडक सुधार	२३४१०४	जे.सी.बी.	१०२००५.१०
२२२–०७७।३।३०	भृकुटी नगर सडक स्तरोन्नति	सडक सुधार	१९११००	जे.सी.बी.	१६५००८.२५
२६५–०७७।३।३१	हापुरे खेल मैदान	खन्ने काम	९४९३४०	जे.सी.बी.	४४०१३४.४८

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५२ **नर्म्स भन्दा बढी भुक्तानीः** डोलिडारको स्वीकृत नर्म्स (संसोधित) नम्बर सिनं. ५ को २-१.२, १.८, १.९ अनुसार नरम प्रकारको माटो पाइप लाईन काट्नको लागि प्रतिघनमिटर ०.५ र कडा प्रकारको माटोमा ०.६ ज्यामी लाग्ने व्यवस्था छ । कार्यालयले तयार परेको दर विश्लेषण अनुसार नरम प्रकारको माटोमा पाइप लाईनको लागि माटो काट्ने कार्यको लागि प्रतिघनमिटर १ ज्यामी लाग्ने गरी दर विश्लेषण गरेको छ । नर्म्स भन्दा बढी दर विश्लेषण गरी आयोजनाको लागत बृद्धि गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनु पर्दछ । डोलिडारको स्वीकृत नर्म्स भन्दा बढी दरमा लागत अनुमान तयार गरी उपभोक्ता समितिलाई भुक्तानी गरेको असूल गर्नु पर्ने रू. ५७३३१४.३८

भौ.नं. मिति	आयोजना	माटो काटिएको परिमाण	दर	स्वीकृत नर्म्स अनुसार हुने दर	फरक	
२५—२०७६।१०।२२	भमकेल डाडा खा.पा.	९५	८५१	३२१.३६	५२९.६४	५०३१५.८०
१९१—२०७६।३।२६	वीरसिंह डाडा खा.पा.	४५.५७	८५१	३२१.३६	५२९.६४	२४१३५.७०
२३६—२०७७।३।३१	धनुवास डाडा खा.पा.	५०	८५१	३२१.३६	५२९.६४	२६४८२.००
२५१—२०७७।३।३१	डाडागाउँ खा.पा.	१८२	८५१	३२१.३६	५२९.६४	९६३९४.४८
२५२—२०७७।३।३१	मुख्यटोल खा.पा.	२८६.१५	८५१	३२१.३६	५२९.६४	१५१५५६.४९
२५७—२०७७।३।३१	पातीहाल्ना खा.पा	७७	८५१	३२१.३६	५२९.६४	४०७८२.२८
२५९—२०७७।३।३१	कुम्बास खा.पा	३००.१५	८५१	३२१.३६	५२९.६४	१५८९७१.४५
२६०—२०७७।३।३१	रानी खोला गंगटे खा.पा	९५.०४	८५१	३२१.३६	५२९.६४	२४६७६.१८
जम्मा						५७३३१४.३८

५३ **टेन्च खनेकोभन्दा वढी पाइप खरिदः** कार्यालयले विभिन्न खानेपानी आयोजनाको पाइप लाईनको लागि टेन्च खन्ने तथा लेइग र ज्वाइन्टिग कार्यको भुक्तानी दिने गरेकोमा केही खा.पा. आयोजनाको टेन्चको लम्बाई भन्दा बढी पाइप खरिद गरी रकम भुक्तानी गरेको पाइयो । सामान्यतया खनिएको ट्रेन्चको लम्वाई अनुसारकै पाइप खरिद, लेइङ र ज्वाइन्टिङ परिमाण हुनुपर्नेमा यस वर्ष लेखापरीक्षणका लागि छनौट गरिएका मध्ये तपसिलका आयोजनामा ट्रेन्चको लम्बाइ भन्दा वढी पाइप लेइङ तथा खरिद गरेको नापी तथा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको आधारमा उपभोक्ता समितिलाई भुक्तानी गरेको पाइयो । टेन्च भन्दा बढी पाइप खरिद गरी लेइङ गरेको देहाय अनुसारको पाइपको खर्च सम्बन्धमा एकीन गर्न नसकिएको रू. ३९६९७८.३५

भौ.नं.र मति	भुक्तानी पाउनेको नाम	खनिएको ट्रेन्चको लम्वाइ	पाइपको लम्वाई	नपुरिएको पाइप	दर	जम्मा रकम
२५२—२०७७।३।३१	मुख्यटोल हुँदै भीर खोर खा.पा	४५००	७२००	२७००	९०.४०	२४४०८०
२५७—२०७७।३।३१	पातीहाल्ना खा.पा	११००	२०००	९००	७२.७७	६५४९३
२५९—२०७७।३।३१	कुम्बास खा.पा	३४५०	४१००	६५०	१०१.७०	६६१०५
२६०—२०७७।३।३१	रानी खोला गंगटे खा.पा	११५०	१८००	६५०	१०३.७९	६७४६.३५
२६३—२०७७।३।३१	ठाटी खोला खा.पा	११५०	९५०	२००	७२.७७	१४५५४.००
जम्मा						३९६९७८.३५

५४ **पाइपको लम्वाई भन्दा वढी ट्रेन्च खनेको भुक्तानीः** कार्यालयले विभिन्न खानेपानी आयोजनाको पाइप लाईनको लागि टेन्च खन्ने तथा लेइग र ज्वाइन्टिग कार्यको भुक्तानी दिने गरेकोमा केही खा.पा. आयोजनाको पाइपको लम्वाई भन्दा बढी पाइप लाईन खनेको रकम भुक्तानी गरेको पाइयो । सामान्यतया खनिएको ट्रेन्चको लम्वाई अनुसारकै पाइप लेइग र ज्वाइन्टिग परिमाण हुनुपर्नेमा यस वर्ष लेखापरीक्षणका लागि छनौट गरिएका मध्ये तपसिलका आयोजनामा पाइपको लम्बाइ भन्दा ट्रेन्चको लम्वाई बढी हुने गरी नापी गरेर भुक्तानी गरेको छ । थप पाइप खरिद गरेर सो काम गरेको भन्ने कार्यालयको भनाइ छ । सो सम्बन्धमा एकीन गर्नु पर्ने रू. २५५३०.००

भौ. नं. र मति	भुक्तानी पाउनेको नाम	खनिएको ट्रेन्चको लम्वाइ	पाइपको लम्वाई	वढी खनिएको परिमाण (घ.मी.)	दर	वढी भुक्तानी
२५३—२०७७।३।३१	गजै खानेपानी निर्माण	५३०	५००	३०	८५१	२५५३०

५५ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सडक कालोपत्रे, विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

गो.भौ.नं./ मति	उपभोक्ता स मतिको नाम	कामको ववरण	भुक्तानी रकम
१२–२०७६।९।२८	हापुरे चोक उत्तर तिर साझेदारी सडक निर्माण	सडक कालोपत्र	२६०३९३४.००
२१–२०७६।१०।१६	साझेदारी सडक निर्माण बबई ४	सडक कालोपत्र	४२२४०००.००
१३७-२०७७।३।१५	वार्ड नं. ४ वद्युत वस्तार आयोजना	वद्युतीकरण	४७६३९५.००

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

५६ **अग्रीम करः** आयकर ऐन, २०५८ को दफा ८९ (३क) अनुसार उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । देहाय अनुसार रू. ५० लाख भन्दा बढी लागत अनुमान भएका निर्माण कार्यको उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार रकम भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशतले हुने रू. ३९०५९.०१ कट्टा नगरी भुक्तानी गरेको असूल गर्नु पर्ने रू. ३९०५९.०१

क्र.सं.	उ.स. को नाम	लागत अनुमान	कार्यालयले व्यहोर्ने	भुक्तानी रकम	अग्रीम कर रू
१	हापुरे चोक उत्तर तिर साझेदारी सडक निर्माण	९३६२८६४.४७	७२०२२०३.४४	२६०३९३४.००	३९०५९.०१

५७ १२०—२०७७।३।१० कार्यालयको प्रशासकीय भवनको कम्पाउण्डमा भूक्षय नियन्त्रण तथा तथा तारबार कार्यको लागि कुल लागत अनुमान रू. ३२०१०५३.९५ तयार गरेकोमा उपभोक्ता समितिबाट कार्य गराई सम्झौता अनुसार रू. २८७६५७०.०० भुक्तानी गरेको छ । लागत अनुमान र नापीमा देहाय अनुसार परिमाण देखाएको छ ।

काम	मूल्यांकन अनुसार		नापी अनुसार		फरक	
	परिणाम	दर	परिमाण	दर	परिमाण	रकम
E/W Exavation	१६८.३२	४२८	२५४.१	९५	८५.७८	८१४९.१
Stone solling	५०.५	४२९१	४१.२	४२९१	-९.३	-३९९०६.३
1:2:4 pcc	२३.४१	९७५८	४७.९	९७५८	२४.४९	२३८९७३.४२
Rubble stone massonary wall 1:4	१७०.४२	१०२३६	१७२.५७	१०२३६	२.१५	२२००७.४
10 SWG Fenceing wire mesh 3"*3" size	१५७८	३७०.२६	१२७०.५	३७०.२६	-३०७.५	-११३८५५

	लागत अनुमान तयार गर्दा तयार पारेको दर विश्लेषणमा खन्ने काम मानिसबाट गर्ने गरी १६८.३२ घनमिटरको प्रति घनमिटर रू. ४२८ को दरले लागत अनुमान तयार पारेको छ । कामको मूल्यांकन गर्दा उक्त कार्यको परिमाण वृद्धि गरी मेशिनबाट काम गरेको देखाएको छ ।यसरी परिमाण बढाएर मूल्यांकन गर्नु परेको कारण एकीन हुन सकेन । तालिका अनुसार स्टोन सोलिङको काम र योजना अनुसार तारबारको काम समेत घटेको अवस्थामा पीसीसीको काम बढाएर रू. २३८९७३.४२ बढी भुक्तानी हुनु पर्ने आधार पेश गर्नु रू.	२३८९७३.४२
	सशर्त कार्यक्रम तर्फ	
५८	**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।	

क्र. स	विद्यालयको नाम	दरवन्दी संख्या	पदपूर्ति संख्या	करार	रिक्त	विद्यार्थी संख्या
१	जनता मावि हंशपुर	२०	१९	६	१	९७९
२	सरस्वती मावि चरकमटीया	१८	१८	५	०	७९६
३	जनकल्याण मावि पदमपुर	१६	१६	५	०	७८३
४	सरस्वती जनता मावि गंगटे	६	५	२	१	४०७
५	भानुभक्त मावि कौशिलापुर	१०	१०	५	०	२०५
६	देउती मावि तल्लो मलई	६	६	३	०	१८८
७	ने.रा. आवि बैसेरी	१०	१०	५	०	३६२
८	जनता आवि जिला	३	३	२	०	१४२
९	जनश्रम आवि हस्तनपुर	७	७	४	०	१९५
१०	जनता आवि ववरपुर	६	५	४	१	२४०
११	सुद्धाशाह आवि अटकुइया	६	५	३	१	१०५
१२	सद्धेवरी आविसिमल कुना	५	५	४	०	११९
१३	देउराली प्रा व बन्चरे	०	०	०	०	१६
१४	सुर्यबालकल्याण प्रावि पातिहाल्न	२	२	१	०	४९
१५	लोककल्याणकारी प्रावि अमैखुटी	२	२	२	०	६८
१६	सिर्जनशिल प्रावि क्यारेनी	२	२	२	०	२४
१७	जनकल्याण प्रावि भाङावारी	४	३	१	१	१६३
१८	बबई प्रावि धोबाट	१	१	१	०	१४
१९	लक्ष्मी प्रावि.क.साने	२	२	२	०	५९
२०	जनशक्ति प्रावि विजयनेटा	२	२	१	०	७२
२१	ज्नविकास प्रावि घट्टेखोला	२	२	२	०	६३
२२	लक्ष्मी प्रावि सुपारे	१	१	१	०	२६
२३	सिद्धिगणेश प्रावि सुन्दुखाल	२	२	२	०	५७
२४	लोकतान्त्रिक प्रावि कंचनपुर	२	२	२	०	६३
२५	ने.रा.प्रावि सीतापुर	४	४	२	०	७८
२६	जनश्रम सरस्वती प्रावि जौवारी	२	२	१	०	१३४
२७	जनश्रम सरस्वती प्रावि हुरुम	२	२	१	०	५६
२८	जनज्योति प्रावि खयरभटी	४	४	३	०	९८
२९	प्रगतिशिल प्रावि पूर्वहापुरे	४	४	३	०	५८
३०	जनकल्याण प्रावि राताचौर	२	२	२	०	४९
३१	सरस्वती प्रावि जलजला	१	१	०	०	२१
३२	सूर्यज्योति बाबिके कपासेचौर	०	०	०	०	१७
३३	जनज्योति बाबिके ओदाले	०	०	०	०	१४
३४	शिव शक्ति बाबिके कालितारा	०	०	०	०	१५
	जम्मा	११२	१०७	५५	५	४६९५

	दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।न्यून विद्यार्थी भएका देउराली प्रा वि, जनज्योति बाबिके, शिव शक्ति बाबिके, लक्ष्मी प्रा.वि. जस्ता विद्यालयहरूलाई अन्य विद्यालयमा मर्ज गरी ती विद्यालयहरूको वैकल्पिक व्यवस्था गर्नु पर्ने देखिन्छ ।	
५९	**विद्यालयगत निकासा रजिष्ट्रर:** अधिकार प्राप्त अधिकारीले आम्दानी खर्च ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा सुनुश्चित हुनुपर्दछ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुलाई दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्ने नगरेकोले दोहोरो भुक्तानी हुन सक्ने अवस्थाको नियन्त्रण गर्न भरपर्दो आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरेको पाइएन । तोकिएको ढाँचामा विद्यालयगत निकासा रजिष्ट्रर राख्नु पर्दछ ।	
६०	**बढी निकासाः** आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले विद्यायलको निकासा माग फारमको आधारमा विद्यालयलाई निकासा गर्नु पर्दछ । पालिकाले जनकल्याण माध्यमिक विद्यालयको पहिलो चौमासिक माग फारम अनुसार रू. ३१४२१०५ निकासा हुनुपर्नेमा रू. ३१४३१०५ भएकोले वढी रू. १००० निकासा भएको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धित राजस्व खातामा दाखिला हुनुपर्ने रू.	१०००.००
६१	**निःशुल्क पाठ्यपुस्तकः** कार्यालयले निःशुल्क पाठ्यपुस्तक खरिदको लागि विभिन्न विद्यालयलाई भौ.नं. ५१-०७७/२/७ बाट रू.१९,८८,८०० र भौ.नं. ८०-०७७/३/२९ बाट रू. १२,५७,७००। गरी रू.३२,४६,५००। अनुदान निकासा गरिएको छ । सार्वजनिक विद्यालयमा प्रदान गरिने निःशुल्क पाठ्यपुस्तक समयमा विद्यालयले खरिद गरी विद्यार्थीलाई उपलब्ध गराए नगराएको, विद्यालयले प्रयोग गर्ने पाठ्यसामग्री पाठ्यक्रम विकास केन्द्रको स्वीकृत सूची मध्येबाट भए नभएको सम्बन्धमा कार्यालयले अनुगमन गर्नुपर्दछ ।	
६२	**छात्रवृत्ति वितरण :** विद्यालयहरूको वार्षिक कार्यक्रम अनुसार आधारभूत तह र माध्यमिक तहका छात्रावृत्ति र दलित छात्रवृत्ति कार्यक्रम अन्तर्गत गाँउपालिकाले ३४ वटा विद्यालयहरूलाई रकम निकाशा दिएको छ । कार्यालयले ३४ वटा विद्यालयहरूलाई छात्रवृत्ति वितरणको लागि गो.भौ.न. ८० मिति ०७७।३।२९ मा रू. १२५७७००।– निकासा गरेको छ । कार्यालयले छात्रवृत्ति रकम लाभान्वित विद्यार्थीहरूलाई वितरण गरे नगरेको तथा उक्त छात्रवृत्तिबाट शैक्षिक क्रियाकलापमा परेको प्रभावको अनुगमन मूल्याङ्कनको प्रतिवेदन तयार गरी छात्रावृत्ति वितरणमा पारदर्शिता एवं प्रभावकारिता ल्याउनु पर्दछ ।	
६३	**सेनिटरी प्याडः** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरूलाई महिनावारीका समयमा आवश्यक पर्ने सेनिटरी प्याड निःशुल्क उपलब्ध गराउन प्रति प्याड रू.५८.७६। (मू.अ.कर सहित) का दरले गौतम सर्जिकल एण्ड डाइनोष्टिक सप्लाई सेन्टरबाट ८५०० प्याडको रू.४,९९,४६० खर्च लेखेको छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :	
	(क) कार्यालयले १२ विद्यालयलाई भरपाइ गरी ८५०० सेनिटरी प्याड वितरण गरी रू.४९९४६० खर्च गरेको छ । उक्त सामान सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण नभएको रू.	४९९४६०.००
	(ख) स्पेशिफिकेशन उल्लेख नगरेको : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २० मा स्थानीय तहले सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरूको स्वास्थ्यमा असर नपुग्ने र उक्त सामग्रीको गुणस्तरमा कुनै पनि सम्झौता नहुने अवस्थाको सुनिश्चितता गर्नुपर्ने उल्लेख छ । कार्यालयले आपूर्ति भएका सेनिटरी प्याड स्पेशिफिकेसन बमोजिम भए नभएको अनुगमन गरेको छैन ।	
६४	**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता-** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान	

	उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रू. ६० लाख तलब भत्ता भुक्तानी गरेको पाइयो ।	
६५	**जोखिम भत्तामा ग्रेडः** नेपाल सरकारबाट स्थानीय निकायमा खटिएका कर्मचारीलाई मन्त्रालयले स्वीकृत गरेको कर्मचारीको तलब, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च पाउने व्यवस्था छ ।गाँउपालिकाले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमबाट स्वास्थ्य तर्फका कर्मचारीलाई कोरोना समयमा अग्रपक्तिमा काम गर्नेलाई उत्प्रेरणा भत्ता उपलब्ध गराएको छ । कर्मचारीले पाउने सुविधामा एक रुपता कायम गर्न शुरु तलव स्केलमा उत्प्रेरणा भत्ता दिनु पर्दछ । गाँउपालिकाले निम्न कर्मचारीको शुरु तलबमा मात्र उत्प्रेरणा भत्ता लेख्नु पर्नेमा ग्रेड रकमको समेत थप गरी उत्प्रेरणा भत्ता लेखेको असूल गर्नुपर्ने रू.	२९७३१०.००

क्र.स.	पद	कर्मचारीको नाम	जम्मा रकम	कैफियत
१.	सि.अ.हे.व	हरि बहादुर खड्का	२८८००	वैसाख जेष्ठ असार महिनाको
२.	सि.अ.हे.व	हेमराज वली	२५२००	”
३.	सि.अ.हे.व	कमल कनौ थापा	२५२००	”
४.	हे.अ	शरदराज गिरी	१९७४०	”
५.	सि.अ.हे.व	माया बस्नेत	१६४५०	”
६.	सि.अ.हे.व	मिना वली	१९७४०	”
७.	सि.अ.हे.व	सुशिला शर्मा	२५३८०	”
८.	सि.अ.हे.व	सिद्धि बहादुर केसी	१९७४०	”
९.	सि.अ.हे.व	सीताराम चौधरी	१७२८०	”
१०.	अ.हे.व	गीता शर्मा	२१२८८	”
११.	अ.हे.व	सावित्रा चौधरी	२१२८८	”
१२.	अ.हे.व	सरिता कुसारी	२३९४९	”
१३.	अ.हे.व	दिप्सना वि.सी.	१३३०५	”
१४.	अ.हे.व	मञ्जु श्रेष्ठ	१३३०५	”
१५.	का.स	कौशिला भण्डारी	६६४५	”
जम्मा			२९७३१०	

६६	**आयकरः** आर्थिक ऐन २०७६ को अनुसूची १ को दफा १ को क (१) अनुसार कुनै आय वर्षमा प्राकृतिक व्यक्तिको करयोग्य आयमा यस अनुसूचीको उपदफा ४ को अधिनमा रही पारिश्रमिक कर निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । कानून अनुसार नेपालमा रोजगारीसँग सम्बन्धित ज्याला, तलब, विदा बापतको रकम, अतिरिक्त समय भत्ता लगायत रोजगारीका सम्बन्धमा गरिएका अन्य कुनै पनि आयमा कर लाग्ने व्यवस्था छ। आ.व. २०७६।७७ मा प्राकृतिक व्यक्तिको शुरु सीमा अन्तर्गत एकल व्यक्तिको लागि रू. ४ लाख तथा दम्पतीको लागि रू.४ लाख ५० हजार सम्मको स्ल्यावमा सामाजिक सुरक्षा कर लाग्ने र सो भन्दा माथि आयकर लाग्ने व्यवस्था छ । पालिकाले कार्यरत कर्मचारीको वार्षिक आय गणना गरी नियमानुसार कट्टी गर्नुपर्ने आयकर कट्टी गरेको छैन । देहायका कर्मचारीको वार्षिक आयमा लाग्ने कर सम्बन्धितबाट असूल गरी दाखिला गर्नुपर्ने रू.	१२७६२९.००

क्र.स.	पद	कर्मचारीको नाम	आयकर
१	सि.अ.हे.व	हरि बहादुर खड्का	२१२७४
२	सि.अ.हे.व	हेमराज वली	२१११२४
३	सि.अ.हे.व	कमल कनौ थापा	२११२स४
४	हे.अ	शरदराज गिरी	७२००
५	सि.अ.हे.व	माया बस्नेत	६०१७
६	सि.अ.हे.व	मिना वली	९१५१
७	सि.अ.हे.व	सुशिला शर्मा	८००८
८	सि.अ.हे.व	सिद्धि बहादुर केसी	६२५६
९	सि.अ.हे.व	सीताराम चौधरी	३१४२
१०	अ.हे.व	गीता शर्मा	५४०५
११	अ.हे.व	सावित्रा चौधरी	६९६५
१२	अ.हे.व	सरिता कुसारी	५९६३
जम्मा			१२७६२९

६७	**ग्रेड भुक्तानीः—** निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलबी प्रतिवेदन अनुसार कर्मचारीको तलब भत्ता भुक्तानी गर्नुपर्दछ । पारित तलबी प्रतिवेदन अनुसार शुसिला शर्माको वैशाख महिनामा तलब भुक्तानी गर्दा रू.६५८०।— उपलव्ध गराउनुपर्नेमा रू.१२२२०।— उपलव्ध गराएकोले पारित गरेको ग्रेड भन्दा रू.५६४०।— बढी भुक्तानी भएकोले कर्मचारी सञ्चयकोष थप समेत रू. ६२०४।—असूल हुनुपर्ने रू.	६२०४.००
६८	**शीर्षक विपरित खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ (२) ले खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेट भित्र र सम्बन्धित खर्च शीर्षकमा रहेर गर्नुपर्ने र खर्च गर्न बाँकी छ भने सो को विचार गरी खर्च गर्ने र खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था गरेको छ। कार्यालयले मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्ति करार शीर्षकबाट रोजगार संयोजकको तलव रू. ३००२८।— भुक्तानी गरेको छ । सम्बन्धित खर्च शीर्षकबाट खर्च लेख्नु पर्नेमा सो नगरी फरक शीर्षकबाट खर्च लेखी भुक्तानी गरेको नियमसम्मत नदेखिएको रू.	३००२८.००
६९	**बील भरपाईः**- २–२०७६।६।१२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बील तथा भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ ।गा.पा शिक्षा तर्फ उत्कृष्ट जेहन्दार विद्यार्थी प्रोत्साहन पुरस्कार शिक्षा दिवस तथा विद्यालय स्तरीय खेलकुद कार्यक्रममा जीत बहादुर के.सी.लाई भुक्तानी रू. २१५०००।— भएकोमा बील भरपाइको जोड जम्मा रू. २१०२३५।— भएकोले नपुग रकम रू. ४७६५।— असूल गर्नुपर्ने रू.	४७६५.००
७०	**सामग्री वितरणः** १९–२०७७।३।३१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र मितव्ययी तरिकाले खर्च लेख्नु पर्दछ । कार्यालयले अभिभावक विहिन तथा असाहाय बालबालिकाको लागि स्टेशनरी सहयोग कार्यक्रमका लागि ३५ विद्यालयका १०० जना विद्यार्थीलाई रू. १००० का दरले रू. १००००० नगद वितरण गरेको छ ।यसरी विद्यार्थीलाई नगद वितरण गर्नुको सट्टा स्टेशनरी सामग्री वितरण गर्दा उक्त रकम सम्बन्धित काममा प्रयोग हुने र उच्चतम प्रतिफल प्राप्त हुने देखिन्छ ।पालिकाले वितरण गरेको नगद सम्बन्धित काममा प्रयोग भए नभएको अनुगमन तथा एकीन गर्नुपर्दछ ।	

७१	**वहाल करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ५७ मा गाँउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भाडामा लगाउँदा १० प्रतिशत वहाल कर लगाउन सक्ने व्यवस्था रहेको छ ।गौ.भो न. ७ मिति ०७६।९।२५ मा जीतबहादुर खत्रीलाई पेश्की फछ्यौंट गर्दा शिक्षा तर्फको प्रवोधीकरण कार्यक्रममा टेण्ड साउण्ड सिष्टम भाडामा लिएको रू. १००००।- को वहाल कर रू. १०००।- कट्टी गर्नुपर्ने नगरेको रू.	१०००.००
७२	**औषधि खरिद**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरूले उक्त प्रक्रिया वेगर रू. ८ लाख ४१ हजार सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएका व्यहोराहरू निम्नानुसार छनः	
	• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, • आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, • आपूर्ति भएका औषधि एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकीन गर्न सकिएन । • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको । • तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
७३	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरूलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले ३६८ बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ । बेरोजगारको सूचीमा समावेशलाई प्राथमिकीकरण गरेको छैन । श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । लक्षित वर्गलाई ९ दिनदेखि २३ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:	
	(क) कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गर्न कुल निकासा प्राप्त रू. १० लाख मध्येबाट बाटो स्तरोन्नति ३, तटबन्ध-२, नयाँ ट्र्याक खोल्ने कार्य-१	

	समेत ६ वटा योजनामा निर्माण सामग्री खरिद तथा ढुवानी र कण्टिन्जेन्सी खर्च बाहेक श्रमिक ज्यालामा रू. ९८७५५१।- खर्च भएको देखिन्छ ।	
	(ख) रोजगार कार्यक्रममा आवद्ध हुनको लागि ३६८ जनाले निवेदन दिएकामा जम्मा ११५ जना छनोट भएको प्रतिवेदन गाँउपालिकाले तयार गरेको छ । पालिकका ७ वटा वडा मध्ये ६ वटा वडामा यो कार्यक्रम संचालन भएको जानकारी गाँउपालिकाले दिएको छ । ६ वटा वडामा सञ्चालित कार्यक्रममा ११५ जनालाई दैनिक ५२० को दरले जम्मा ११५ दिन रोगजारी दिएको पाइयो । खर्च रकम विनियोजित रकमको १०० प्रतिशत खर्च गर्दा बेरोजगार संख्याको ३१.२५ प्रतिशतले लाभ पाएको देखियो । यसरी सञ्चालित कार्यक्रमको नापी तथा मूल्यांकन तयार गरे पनि कार्य दिन र कूल कार्यबीच तुलना गर्न सक्ने अवस्था छैन ।	
	समानीकरण पूँजीगत तर्फ	
७४	**कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बीलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टिन्जेन्सी बापत रू. १७ लाख ३३ हजार कट्टी गरेकोमा पुरै रकम खर्च भएको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी खर्चको कार्यक्रमगत खर्चको अभिलेख अध्यावधिक गरी राख्नु पर्दछ।	
७५	**डीपीआर खर्च** -बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।	

भौ.नं. र मिति	कार्य विवरण	परामर्शदाता	खर्च रकम
१७—२०७६।१०।१३	गा.पा.को शाखा भवन निर्माण	स्वार्गद्वारी डेभलोमेन्ट	१७९६७०
७८—२०७७।२।२२	गा.पा.को प्रशासनिक भवन	डिल्लीराम डाँगी	१५००००
२०८—२०७७।३।२९	दलित संग्रहालय	कन्सेप्ट इन्जिनियरिङ्ग	४६२०००

	यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।	
७६	**सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । सूचना प्रणाली सफ्टवेयर संचालन लेखा सम्बन्धी पे-रोल र बेरुजु सफ्टवेयर B Tech IT Solutions Pvt. Ltd. सँग रू. ४९७२००।०० मा खरिद गरेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी रू. ४९७२००.०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।	

७७ **भेरिएशनः** १०६—२०७७।३।३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद संझौता वमोजिम कार्य शुरु भई सकेपछि प्राविधिक कारणबाट त्यस्तो कामको परिमाण थप घट गर्न वा नयाँ आइटम थप वा सट्टा गर्न आवश्यक देखिएमा भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । नियम ११८ (१) क वमोजिम ड्रइङ डिजाइन बदल्नु नपर्ने तर कामको परिमाण थप घट हुने अवस्थामा भेरिएशन आदेश गर्दा प्राविधिक पुष्ट्याई पेश गरी गर्नुपर्ने व्यवस्था छ ।बबई गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि २०७६।९।१६ मा कौशिल बस्नेत, नवसिर्जनशील, स्टेट जे.भी सँग रू. २२६९१२४८.५७ मा ठेक्का सम्झौता रकमको २४.५५ प्रतिशत लागत बढ्ने गरी भएकोमा २०७७ बैशाख ७ गते गाउँकार्यपालिकामा पेश गर्ने गरी गाउँपालिका अध्यक्षबाट भेरिएशन रू. ५५७१०४३.३१ स्वीकृत गरेको छ । प्रशासकीय भवनको अगाडिको भागमा संरचना थप गर्नु पर्ने र फलामे डण्डीको परिमाण डिपिआरबाट कायम भएको लागत अनुमानमा नपुग भएको कारण भेरिएशन गर्नु परेको भन्ने व्यवस्थापनको भनाइ रहेको छ । लागत अनुमान वास्तविकतामा आधारित नभएकोले भवन निर्माणको लागत वृद्धि भएको छ । लागत अनुमान वास्तविक नबनाउने कन्सल्ट्यान्टलाई जिम्मेवार बनाउनु पर्दछ ।

७८ **गुणस्तर परीक्षण** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

भौ.नं. मिति	निर्माण कामको विवरण	लागत अनुमान	खुद भुक्तानी	कामको प्रकृति
५०—२०७७।२।७	पक्की नहर निर्माण	३२०७८६.७८	२८५१९३	उपभोक्ता समिति
६०—२०७७।२।१६	पक्की नाली निर्माण	१०७०६०३.७२	९५१११३	उपभोक्ता समिति
५८—२०७७।२।१२	पक्की नहर निर्माण	५४२६४०.००	४७७६०५	उपभोक्ता समिति
५४—२०७७।२।९	पक्की नहर निर्माण	१०७२४३७.४७	९५१११३	उपभोक्ता समिति
५२—२०७७।२।९	पक्की नहर निर्माण	१०६७३२६.०४	९५८२००	उपभोक्ता समिति
८१—२०७७।२।२६	कल्भर्ट स्लाव निर्माण	१०६७०६२.२७	९४९९२८	उपभोक्ता समिति
८२—२०७७।२।२६	पक्की नहर निर्माण	४८५१८०.२८	४२५१३४	उपभोक्ता समिति
८३—२०७७।२।२६	पक्की नहर निर्माण	१०६८७६३.९४	९५४४६६	उपभोक्ता समिति
११०—२०७७।३।६	पक्की नाली निर्माण	८५७६६७.३६	७५९३५०	उपभोक्ता समिति
११७—२०७७।३।९	भवन निर्माण	४८५००००.००	३०७१६९८.५२	निर्माण व्यवसायी
१२०—२०७७।३।१०	तार बार	३२०१०५३.९५	२८१४२८५.००	उपभोक्ता समिति
२२१—२०७७।३।३०	भवन निर्माण	१९२०६१८.३१	१६८०११२.००	उपभोक्ता समिति

७८.१ **मालसामानको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम,

प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्ः

- कार्यालयमा मालसामान प्राप्त भएपछि खरिद सम्झौतामा उल्लेख भए अनुसार स्पेसिफिकेशन तथा गुणस्तर सम्बन्धी मापदण्ड पुरा गरे नगरेको खुल्ने गरी परीक्षण सूची सहित नियमको व्यवस्था बमोजिम प्राविधिक स्पेशिफिकेशन तथा गुणस्तर सम्बन्धी सर्त पुरा गरे नगरेको प्रतिवेदन पेश गर्ने गरको पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

- देहायका मालसामान खरिद गरी सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरेकोमा निरीक्षण/परीक्षण गर्न गठन गरिएको बोर्डले तयार गर्नेगरेको खोलुवा फाराम समेत नलिई भुक्तानी गरेको उदाहरण देहाय अनुसार रहेको छः

गो.भौ. र मति	मालसामानको नाम	भुक्तानी रकम	बिक्रेता
१५४—२०७७।३।२२	ल्यापटप	४५३५८२.००	डजिटल कम्प्युटर एण्ड इलेक्ट्रिनिक्स
२४७—२०७७।३।३१	फर्निचर	४९७२००.००	श्रेष्ठ फर्निचर उद्येग
२६२—२०७७।३।३१	कम्प्युटर, प्रिन्टर	४९९२००.००	ग्रेसी इलेक्ट्रिनिक्स

७९ **बीमा सम्बन्धमा** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (१) मा रू. १० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसायीले उक्त नियमको (क) देखि (ङ) बमोजिम बीमा गर्नु गराउनु पर्ने उल्लेख छ । कार्यालयले निर्माण कार्यको लागि सम्झौता गर्दा निर्माण कार्य वापत निर्माण कार्यको, उपकरण, श्रमिक र तेस्रो पक्षको समेत बीमा गराउनु पर्ने गरी सम्झौता गरेको छ । यस प्रयोजनको लागि निर्माण वयवसायीले सोही रकम कवुल गरी ठेक्का सम्झौता समेत गरेकोमा देहाय अनुसारका कार्यमा निर्माण कार्यको रनिङ बील भुक्तानी हुँदा समेत कुनै पक्षको पनि बीमा गराएको पाइएन ।

ठेक्का सम्झौता भै कार्य शुरु गर्नु अगाबै सम्झौताको शर्त मुताविक बीमा गराएर मात्र कार्य शुरु गर्नुपर्नेमा नगर्दा ठेक्का सम्झौताको शर्तको पालना नहुने, निर्माण कार्य, उपकरण, कामदार र तेस्रो पक्षको हानी नोक्सानी भएमा क्षतिपुर्तिबाट समेत बन्चित रहनुपर्ने अवस्था आउँछ । तसर्थ सम्झौताका शर्तहरू अनिवार्य रुपमा पालना गराउने तर्फ ध्यान दिनु जरुरी छ । यसका केही उदाहारणहरू देहाय बमोजिम छन्ः

ठेक्का नं.	निर्माण व्यवसायीको नाम	कार्य	सम्झौता रकम	बीमा रकम
09-076/77	विजेश्वरी कन्ष्ट्रक्सन सेवा	सडक कालोपत्रे	४५२१८८२.५८	२००००
13-076/77	त्रिशक्ति कन्ष्ट्रक्सन	भवन निर्माण	५७८८९००.१८	२००००

(क) १२०-२०७७।३।१० सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामग्री, प्रयोग गरिने प्लाण्ट, मेशिन औजार एवं निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च समेतको बीमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले ६ नं. वडा भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी पि.यु. कन्ष्ट्रक्सनसँग रू. ३०७१६९८.५२ मा सम्झौता भएको छ । सम्झौतामा बीमा सम्बन्धी प्रावधान राखेको पाइएन । भवन निर्माण कार्य सम्वेदनशील तथा जोखिमपूर्ण समेत रहेको हुँदा नियमावलीको प्रावधान अनुसार यस्ता संरचना निर्माण सम्झौतामा बीमाको प्रावधान राख्नुपर्ने देखिन्छ ।

(ख) १ —२०७७।०३।३० ठेक्का नं. ०६।२०७६।७७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११२ मा रू.१० लाख भन्दा बढिको निर्माण कार्यको ठेक्कामा बीमा गर्नुपर्ने भन्ने व्यवस्था भएतापनि प्रशासकीय भवन निर्माण कार्यको तेस्रो रनिङ्ग बील भुक्तानी गर्दा पालिकाले बीमालेख र बीमाको बील भरपाइ बेगर बीमा रकम रू.६७८००।— भुक्तानी दिएको छ ।बीमा गरेको बीमा लेख तथा बीमा भुक्तानीको प्रमाण पेश गर्नु पर्ने रू. ६७८००.०

प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम

८० ३—२०७७।३।३१ खानेपानी तथा ढल निकास विभागबाट प्रकासित एचडीपीइ पाइपको एक्स फेक्ट्री रेट तथा वेट चार्ट भन्दा देहाय अनुसार ४७१.७५ के.जी. तौल फरक पारी रू. २८२.५० को दरले जम्मा रू. १३३२६९.३८ बढी मूल्यांकन गरी लिफ्ट खानेपानी योजना सितापुर घुरेनीडाँडा उपभोक्ता समितिलाई भुक्तानी गरेको छ ।खरिद गरेको पाइपको तौल बढाएको कारण उपभोक्ता समितिलाई बढी भुक्तानी गरेको रू. १३३२६९.३८ असूल गर्नु पर्ने रू. १३३२६९.३८

पाइपको परिमाण	साइज	मुल्यांकन अनुसार		नर्म्स अनुसार		कूल फरक परिमाण
		तौल प्रति मिटर	जम्मा	तौल प्रति मिटर	जम्मा	
५००	90 mm dia 6 kg/cm2	०.५४२	२७१	१.७१५	८५७.५	
१०००	75mm dia 6 kg/cm2	०.८५	८५०	१.१९१	११९१	
१०००	63mm dia 6 kg/cm2	०.५४२	५४२	०.८५	८५०	
६५०	50mm dia 6 kg/cm2	१.७१७	१११६.०५	०.५४२	३५२.३	
	जम्मा		२७७९.०५		३२५०.८	४७१.७५

समानीकरण चालुतर्फ

८१ **सोझैखरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू. ५ लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरूले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपाइएको निम्नानुसार रू. ११२०३२५.०० को सोझै खरिद गरेको देखियो ।

भौ.नं. र मति	फर्मको नाम	भुक्तानी रकम
७७, २०७६.०९.१५	शर्मा स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	९३५०३.००
१५७, २०७६.१२.३०	शर्मा स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	९८५५४.००
१९३, २०७६.०२.०९	शर्मा स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	९८३८७.००
२६०, २०७७.०३.२६	शर्मा स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	९६८२६.००
०६, २०७७.०३.३१	शर्मा स्टेसनरी एण्ड जनरल अर्डर सप्लायर्स	१४७९६०.००
५१, २०७७.०३.३१	श्रेष्ठ फर्निचर उद्योग	९४४९५.००
२४७, २०७७.०३.३१	श्रेष्ठ फर्निचर उद्योग	४९०६००.००
जम्मा		११२०३२५.००

८२ १-२०७७।०१।०२ करारमा कार्यरत कर्मचारीलाई सम्झौता बमोजिम रकम भुक्तानी गर्नु पर्दछ । देहायका कर्मचारीलाई पारिश्रमिक भुक्तानी गर्दा करार सम्झौता भन्दा १ दिनको तलब बढी भुक्तानी भएको रकम रू. २७१४।०० असूल गरी दाखिला गर्नुपर्ने रू. २७१४.००

क्र.सं.	कर्मचारीको नाम	रकम
१	का.अ. वालकृष्ण पाण्डे	९४०.००
२	फिल्ड सहायक अर्जन परियार	८८७.००
३	फिल्ड सहायक निर्माला पौडेल	८८७.००
	जम्मा	२७१४.००

८३	**बढी भुक्तानीः** १८८-२०७७।०१।३१ स्थानीय खानेपानी सरसफाइ तथा स्वच्छता योजना निर्माणका लागि मोवाइल एप्लिकेशन मार्फत तथ्यांक संकलन सम्बन्धी ३ दिने तालिममा प्रतिदिन प्रतिकक्षा ४ वटा लिनुपर्नेमा ६ वटा कक्षा लिएकोमा बढी कक्षाको भुक्तानी सम्बन्धितबाट असूल गर्नुपर्ने रू.	९०००.००

कर्मचारीको नाम	पद	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढि भुक्तनी
भुवन चन्द बालान	सूचना प्र व ध अ धकृत	९०००.००	६०००.००	३०००.००
रमेश के.सी.	वास संयोजक	९०००.००	६०००.००	३०००.००
तेजेन्द्र बहादुर घर्ति	वास फोकल पर्सन	९०००.००	६०००.००	३०००.००
जम्मा				९०००.००

८४	**न्यायिक समिति बैठक भत्ताः** भौ.नं.२८४, २०७७।०३।३१ पालिकाको न्यायिक समितिले मासिक आवश्यकता अनुसार बैठक बसेको देखाइ वर्षभरीको न्यायिक समितिको बैठकभत्ता बापत समितिका पदाधिकारी र कर्मचारीलाई ३४ वटा बैठकको भत्ता रू.१५४०००।०० भुक्तानी गरेको छ । बैठकको उपलब्धी नदेखिएकोले संकिलत माइन्यूट छानबिन गरी एकीन गर्नुपर्ने अन्यथा सो बैठक भत्ता असूल गर्नुपर्ने रू.	१५४०००.००
८५	**दोहोरो भत्ताः** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययितता सम्बन्धी निर्देशिका, २०७५ मा बैठक भत्ता दिने आधारहरूमा एउटै निकायको र अन्तर्गतका पदाधिकारी कर्मचारीमात्र बस्ने बैठक भत्ता प्रदान गर्न नपाइने र बैठकमा सहायक कर्मचारी १ जना र सहयोगी १ जनाका साथै विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा बढीमा ३ जना आमन्त्रित राख्न सकिने व्यवस्था छ । स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको बिधेयक, २०७६ को दफा ८ मा एकै दिनमा एकभन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापतको मात्र भत्ता पाउने उल्लेख छ । तर देहायका भौचर नं. र मितिबाट भुक्तानी भएको बैठकभत्तामा एउटै दिन दोहोरो भत्ता बुझेको, विशेषज्ञ सेवा आवश्यक पर्ने कुनै आधार नभइ आमन्त्रितको रुपमा अनावश्यक संख्यामा पदाधिकारी र कर्मचारी आमन्त्रित भइ बैठक भत्ता बुझेको देखिन्छ । स्पष्ट कार्ययोजना बेगर बैठक बसाउने र आमन्त्रित सदस्यलाई बैठक भत्ता दिने प्रवृत्तिमा नियन्त्रण गरिनुपर्दछ । साथै देहायका कर्मचारीबाट दोहोरो बैठक भत्ता रू. ४७६००।०० असूल गर्नुपर्ने रू.	४७६००.००

भौ.नं. र मति	कर्मचारीको नाम	पद	रकम	कै फयत
१०३, २०७६.०९.२८,	भुवनेश्वर पौडेल	अध्यक्ष	६८००.००	६ दिन दोहोरो परेको दोहोरो परेको मिति २०७६.०८.०१ २०७६.०९.०९, ०८.१५ ,
	सा वत्री वश्वकर्मा	उपाध्यक्ष	६८००.००	
	भष्म मल्ल	प्रमुख प्रशासकीय अ धकृत	६८००.००	
	कमलकुमार भण्डारी	लेखा अ धकृत	६८००.००	

७०, ०९.१३	अरुणकुमार के सी	सहायक पाँचौ	६८००.००	०६.२८, ०७.१७, ०७.२६, ०६.२८,
	होमराज वली	सबइन्जिनियर	६८००.००	
	तिलकबहादुर खत्री	सहायक पाँचौ	६८००.००	
जम्मा			४७६००.००	

८६	**बढी भुक्तानीः** १३९—२०७६।१०।२६ सूचना प्रविधि अधिकृत भुवन चन्द बालानले २०७६।१०।२६ देखि २०७६।१०।१४ सम्म ९ दिन सञ्चालन गरेको सामाजिक सुरक्षा तथा पञ्जीकरण तालिम कार्यक्रम प्रतिदिन प्रति कक्षा ४ वटाका दरले ३६ वटा कक्षा संचालन हुनुपर्नेमा ४२ वटा कक्षा सञ्चालनको पारिश्रमिक भुक्तानी भएकोले बढी ६ वटा कक्षाको प्रति कक्षा १५००।—का दरले हुने रकम रू. ९०००।— सम्बन्धितबाट असूल गर्नुपर्ने रू.		९०००.००
८७	**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।		
	सामाजिक सुरक्षातर्फ		
८८	**तथ्यांक अध्यावधिक :** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदां १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क तथा वित्तीय संस्थाबीच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुने उल्लेख छ । कार्यालयले प्रत्येक वर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन ।कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सूचना अद्यावधिक गर्नुपर्दछ ।		

८९	**प्रतिवेदनः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३० मा स्थानीय तहले वितरण गरेको भत्ताको चौमासिक, वार्षिक विवरण अद्यावधिक गरी एमआइएसमा प्रविष्टी गर्नुपर्ने भुक्तानी गरेको रकम र बुझ्नेहरूको नामावली स्थानीय तहका कार्यालयका साथै स्थानीय तहका वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र पहिलो चौमासिक प्रगति विवरण मार्ग ७ गतेभित्र दोस्रो चौमासिकको प्रगति विवरण चैत ७ गतेभित्र र तेस्रो तथा वार्षिक प्रगति विवरण साउन ७ गतेभित्र प्रविष्टी गरिसक्नुपर्ने उल्लेख छ । कार्यालयले सबै विवरण एमआइएसमा प्रविष्ट गरेको जनाएको भए तापनि प्रगति विवरण पेश गरेको प्रमाण सुरक्षित नराखेकोले परीक्षण गर्न सकिएन ।	
९०	**पारद र्शताः** सामाजिक सुरक्षा सुरक्षा कार्यविधि, २०७५ को दफा ३३ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरू सम्बन्धी विवरण वडा समितिको सिफारिशका आधारमा स्थानीय सभामा पेश गर्नुपर्ने चौमासिक वा वार्षिक रुपमा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाको निर्णय पुस्तिका तथा वेवसाइट अवलोकन गर्दा उल्लिखित कार्यहरू भएको पाइएन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा सम्बन्धी खर्चलाई पारदर्शी बनउन आवश्यक छ ।	
९१	**सार्वजनिक सुनुवाइः** वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्य आफूले सक्ने कुरा सम्बोधन गरी नसक्ने खालका सुझाव तथा गुनासाहरू सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरूमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा प्राप्त भएको प्रमाण पेश हुन आएन । कार्यविधिको पालना गर्नुपर्दछ ।	
९२	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैंकहरूले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसूची १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विघुतीय माध्यममा अनिवार्य पठाउनुपर्ने उल्लेख छ । यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैंकहरूले सो अनुसूची गाँउपालिकामा पठाएको पाइएन । जसले गर्दा पेश्की दिएको रकम मध्ये कति वितरण भई कति बाँकी रहेको छ भनी एकीन हुन सकिएन ।	
९३	सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ३ बमोजिम बैंकिंग प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा सम्बन्धित व्यक्तिको नाममा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त नजिकको बैंक वा वित्तीय संस्थामा खाता खोली सोही खातामा जम्मा गरिदिने व्यस्था भएकोमा सो नगरी रू. ६१३९२४००।०० नगदै भुक्तानी गरेको छ । यसरी बैंकिङ्ग सुविधा उपलब्ध भएको अवस्थामा पनि नगद भत्ता वितरण गर्ने प्रणालीलाई निरुत्साहित गर्नुपर्दछ ।	
९४	**भत्ता विवरणको अनुगमनः** कार्यविधिको दफा २८ मा स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समितिले चौमासिक रुपमा बैठक बस्ने तथा अनुगमन प्रतिवेदन प्रमुख वा अध्यक्ष समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । तर त्यस अनुसार अनुगमन गर्ने बैठक बस्ने तथा प्रतिवेदन प्रस्तुत गर्ने गरेको देखिएन । अतः कार्यविधि अनुसारको कार्यहरू कार्यान्वयन गरिनु पर्ने देखिन्छ ।	
९५	आर्थिक कार्यविधि नियमावली, २०६४ को निमय ३६(३) मा खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले वडा सचिवलाई सामाजिक सुरक्षाको तपसिल बमोजिमका कर्मचारीहरूले पेश्की फछ्र्यौट गर्दा भरपाइ भन्दा कम रकम बैंक जम्मा गरेकोले असूल गर्नु पर्ने रू.	५६२००.००

नाम	रकम
दिलिप कुमार खत्री	४१४००.००
चन्द्र बहादुर खत्री	८००.००
मान बहादुर बस्नेत	६०००.००
तेजेन्द्र बहादुर खत्री	८०००.००
जम्मा	५६२००.००

विपद् व्यवस्थापन

९६ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू नगरेको तथा उक्त कोष कार्यान्वयनमा नल्याई २०७७।१।७ मा मात्र कोष स्थापना गरेको छ । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

९७ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम-

९८ स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ८ परियोजना सञ्चालन गर्न रू. १ करोड ३९ लाख २ हजार बजेट प्राप्त भएकोमा रू. १ करोड ३८ लाख ७८ हजार खर्च भई ९९.९९ प्रतिशत वित्तीय प्रगति प्राप्त भएको देखिन्छ ।

आयोजनाको प्रकार	आयोजनाको संख्या	बजेट रकम	खर्च रकम	वत्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
अन्य सार्वजिनक निर्माण	८	१३९०२०००	१३८७८२३४	९९.९९	पेश नभएको

९९ १—२०७७।२।१२ आदर्श नगर नहर विस्तार योजना उपभोक्ता समितिसँग लागत अनुमान रू. ५२ लाख ९८ हजार भएको नहर निर्माणकार्यको सम्झौता भएकोमा रू. ४९,७७,५००।— भुक्तानी गरेको छ । यस सम्न्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्

	(क) आयकर ऐन, २०५८ को दफा ८९ (३क) अनुसार उपभोक्ता समिति मार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था छ । आदर्श नगर नहर विस्तार येजना उपभोक्ता समितिले लागत अनुमान रू. ५२ लाख ९८ हजार भएको नहर निर्माण कार्य रू. ५२,९९,०९१.८२ मूल्यांकन भएकोमा उपभोक्ता समितिलाई रू. ४९,७७,५००।— भुक्तानी गर्दा अग्रीम आयकर वापत १.५ प्रतिशतले हुने रू. ७४,६६२.५० कट्टा नगरी भुक्तानी गरेको असूल गर्नु पर्ने रू.	७४६६२.५०
	(ख) आदर्श नगर नहर विस्तार योजनाको लागत अनुमान रू. ५२,९७,७४२.३१ तयार गर्दा नहरको कूल लम्बाई ५१२ मिटर कायम गरी ४०७.३० घनमिटर माटो खन्ने गरी लागत अनुमान स्वीकृत गरेको छ । योजनाको कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल कामको मूल्यांकन रू. ५२,९९,०९१.८२ गरेकोमा माटो खन्ने परिमाण घटेको, पी.सी.सी. १:२:४ कार्य घटेको अवस्था छ । नापीमा कुलोको कुल लम्वाई समेत नदेखाई कुल ३८३.३१ घनमिटर काम भएको देखाएको छ । यस्तो अवस्था फलामे डण्डीको काम बृद्धि भएको देखाई उक्त कार्यमा १,३३,५०९।— बढी मूल्यांकन गरेको छ । लागत अनुमान भन्दा खन्ने काम घटेको तर लम्वाई नदेखाएको अवस्थामा लागत अनुमान भन्दा १३९०.३६ के.जी. बढी फलामे डण्डी खपत हुने आधार पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रू.	१३३५०९.००
	कोभिड —१९ तर्फः	
१००	कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७ असार मसान्तसम्म प्राप्त रकम र खर्च सम्बन्धी विवरण अनुसार कार्यालयले रू. ८९७६८९४।०० आम्दनी र रू. ७२५९६९९।०० खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू.१७१७१९५।०० बाँकी रहेको देखिन्छ। कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।	

बजेट/आम्दानी को स्रोत	२०७७ असार मसान्तसम्म प्राप्त रकम	२०७७ आश्विन मसान्तसम्म प्राप्त रकम	खर्च शीर्षक	२०७७ असार मसान्तसम्म खर्च रकम	२०७७ आश्विन मसान्तसम्म खर्च रकम
संघीय सञ्चित कोषबाट	९७५८७५.००		राहात वितरण	१७६४३११.००	१०५०००.००
प्रदेश सञ्चित कोषबाट	१००००००.००		क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन	७६२९५३.००	0
स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको	३१०००००.००	७७,६५,१७८	आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन	0	0
संघीय कोभिड कोषबाट	0		जनशक्ति परिचालन	९८६३९५.००	
प्रदेश कोभिड कोषबाट	0		औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद	१२३८२६०.००	३८,०९,१२५.०
अन्य स्रोतबाट प्राप्त	३९०१०१९.००		स्वास्थ्य पूर्वाधार निर्माण	०	०
			अन्य शीर्षकमा भएको खर्च	२५०७७८०.००	२७,६०,३३९.०
			बाँकी	१७,१७,१९५.००	११,७५,५१७.०
जम्मा	**८९,७६,८९४**	**७७,६५,१७८**	जम्मा	**८९,७६,८९४**	**७७,६५,१७८**

१०१	**क्वारेन्टाइन सामग्री खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा	

सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन नगरी रू. २० लाख १ हजारमा देहाय अनुसारका सामान खरिद गरेको छ । अधिकांश सामानहरू सोझै खरिद गरेकोले कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन ।

खरिद ववरण	आपूर्तिकर्ताको नाम	सम्झौता रकम	आपूर्ति गर्नुपर्ने मति	आपूर्ति गरेको मति	आपूर्ति भएको सामानको मूल्य
फर्निचर	श्रेष्ठ र वेन्जर फर्निचर तुलसीपुर	३,१०,३२६.००	३.३०	२.१६	३१०३२६.००
मास्क	विभिन्न पसल	१२,३८,२६०.००	२.३०	२.३०	१२३८२६०.००
विजुली वाइरिङ मर्मत	न्यु चन्दन इलेक्ट्रिकल्स हापुरे	४,५२,६२७.००	३.१५	३.४	४५२६२७.००
	जम्मा				**२००१२१३.००**

१०२ **जोखिम भत्ताः** नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न प्रशासनिक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत र कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्तिलाई ७५ प्रतिशत जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ ।कार्यालयले अग्रपंतिमा खटेका ३९ जना स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्राविधिक कर्मचारी, प्रशासनिक कर्मचारीलाई रू. २४३०७८८।०० खर्च लेखेको छ ।

क्रस	जोखिम भत्ता पाउने पदाधिकारी	कर्मचारी वा पदाधिकारी संख्या	भत्ताको प्रकार	२०७६।७७ सम्म खर्च रकम	कैफियत
१	स्वास्थ्यकर्मी	२८		२१,४३,१९३.००	
२	सुरक्षाकर्मी	४		८६,५४०.००	
३	प्रशासनिक कर्मचारी	७		२०१०५५.००	क्वारेन्टिनमा खाना पकाउने खुवाउने दिनरात खटिने चालक कास समेत
४	राजनितीक पदाधिकारी	०		०	
	जम्मा			२४३०७८८.००	

१०३ **औषधि खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ (१) मा विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार ऐनको दफा ६६ बमोजिम खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण, गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागि मात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नु पर्ने व्यवस्था छ । कार्यालयले कोभिड १९ प्रकोप रोकथाम र न्यूनीकरणको लागि देहाय अनुसारका प्रमुख स्वास्थ्य सामग्रीको खरिद गरेको छ । खरिद दर लट अनुसार फरक रहेको छ । कार्यालयले उपयुक्त खरिद विधि अवलम्बन गर्न नसक्दा एउटै सामानको समेत न्यूनतम् र अधिकतम् मूल्यवीच धेरै अन्तर रहेकोले कार्यालयले विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था प्रभावकारी रुपमा पालना गरेको देखिएन । यसको उदाहरण देहाय अनुसार रहेको छः

सामानको नाम	सामानको छोटो स्पेशिफिकेशन	खरिद सम्झौता मिति	सामान प्राप्त मिति	इकाई	परीमाण	दर	कुल रकम
पिपीईसेट	नखुल्ने	२०७७.१.११	२०७७.१.१२	सेट	१५०	६३००.००	९,४५,०००.००
माक्स	,,	२०७७.१.११	२०७७.१.१२	थान	८००	४०	३२,०००.००

भिटीएम	,,	२०७७.१.११	२०७७.१.१२	थान	५००	४१५	२,०७,५००.००
आरडीटी किट	,,	२०७७.१.११	२०७७.१.१२	थान	१००	११००	१,११,०००.००
इन्फ्रारेड थर्मोमिटर	,,	२०७७.१.११	२०७७.१.१२	थान	६	७५००	४५,०००.००

१०४ **परीक्षणः** कायालयले पेश गरेको विवरण अनुसार २०७७ असार सम्म ३२१ पीसीआर परीक्षण गर्दा ५ जना मात्र संक्रमित फेला परेको देखिन्छ ।

१०५ **केश अनुसन्धानः** पालिकाले ३ सदस्यीय केश अनुसन्धान तथा कन्टयाक्ट खोजपड्ताल टीम परिचालन गर्दा ३८ जना व्यक्तिको पहिचान गरी ६ जनालाई सम्भावित कोरोना संक्रमितको अशंकामा नमूना संकलन गरेको देखिन्छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस कार्यको लागि भएको खर्च विवरण पेश नभएकोले लाभ लागतको तुलना गर्न सक्ने अवस्था छैन ।

स्थानीय तहको नाम	टीमको सदस्य संख्या	खर्च रकम	केश अनुसन्धान संख्या	कन्टयाक्टमाआएकाव्यक्ति हरूकोपहिचान संख्या	सामान्य परामर्श, फलोअप तथा रेफर संख्या	नमूना संकलन वा द्रुत परीक्षण संख्या
बबई गा.पा.	३		६	३८	०	३८

१०६ **राहात सामग्रीको खरिद र वितरणः** कार्यालयले देहाय अनुसार राहत सामग्री रू.१६ लाख १८ हजारमा खरिद गरी वितरण गरेको विवरण पेश गरेको छ । प्राप्त विवरण अनुसार खरिद भएका सबै सामग्री वितरण गरेको भन्ने कार्यालयको भनाई रहेको छ ।

राहत सामग्री	ईकाइ	खरिद परिमाण	प्रतिईकाइ दर	रकम	वितरण परिमाण	बाँकी परिमाण
मसिनो चालम	केजी	२४८५०	४६.४९	११,५५,२७६.५	२४८५०	०
आयो नुन	केजी	१९९८	२३.२३	४६,४१३.५४	१९९८	०
तोरीको तेल	लि.	११३५	१७६.५०	२,००,३२७.५	११३५	०
१ नं. साबुन	गोटा	१९८८	१७.२१	३४,२१३.४८	१९८८	०
दाल	के.जी.	२०५५	८८.२५	१,८१,८६७.५	२०५५	०
जम्मा				**१६१८०९८.५२**		

१०७ **खाना खर्चः** क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड, २०७६ अनुसार क्वारेन्टाइन बस्ने व्यक्तिहरूलाई प्रति दिन प्रति व्यक्ति जिल्ला प्रहरी कार्यालयको निर्धारित राशनदररेट बमोजिमको खाना खाजा खर्च उपलब्ध गराउने र सो को व्यवस्थापन सुरक्षा निकायले गर्ने उल्लेख छ । नेपाल प्रहरीको दाङ जिल्लाको राशन दररेट रू.१७८।०० भएकोमा प्रति व्यक्ति प्रति दिन खाना खाजा खर्च २३६ का दरले खर्च गरेको देखिन्छ।निर्धारित दर भन्दा प्रति व्यक्ति रू. ५८ का दरले ५७२ जनाको औषात १५ दिनको दरले रू. ४,९७,६४०.०० बढी क्वारिन्टनमा वस्ने व्यक्तिहरूलाई देहाय अनुसार बढी खर्च लेखी थप व्ययभार पारेको रू. ४९७६४०.००

क्रस	क्वारेन्टिन/होल्डिङ सेन्टरको नाम	बेड संख्या	क्वारेन्टिनमा बस्नेहरूको संख्या		सञ्चालन व्यवस्थापन प्रयोजनको खर्च
			दैनिकरुपमा बसेको अधिकतम संख्या	कुल संख्या	
१	क्वारेन्टिन हापुरे	२००	१८०	१७४५	६,९९,६८४.००
२	क्वारेन्टिन हंशपुर	२००	१६१		६,१२,१११.०
३	क्वारेन्टिन कौ शलापुर	१००	८०		३,६८,८७९.००
४	क्वारेन्टिन चरकमटिया	२००	१५१		३,४७,००६.००
	जम्मा		५७२		२०,२७,६८०.००

१०८	**अग्रीम आयकरः** ३४—२०७७।३।३१ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार पटके रूपमा प्राप्त हुने भुक्तानीमा १५ प्रतिशतको दरले कर कट्टा गर्नु पर्ने व्यवस्था छ । देहायका व्यक्तिहरूलाई क्यावेन्टाईनमा खटिए वापत भत्ता रकम रू. १०,४५,४९५.०० भुक्तानी गर्दा १५ प्रतिशतको दरले अग्रीम कर कट्टी भएको नपाइएकोले अग्रीम कर वापतको रकम रू. १,५६,८२४.२५ असूल हुनुपर्ने रू.	१५६८२४.२५

क्र.सं.	ठेगाना पद	नाम	रकम	१५ प्रतिशत कर
१	बबई ४ दाङ	नरेन्द्र गिरी	५९१००	८८६५.००
२	प्र ह	गोबिन्द बहादुर	४८४२५	७२६३.७५
३	प्र ह	गन बहादुर वि. क.	१३३०७	१९९६.०५
४	प्र ज	पटेश्वर चौधरी	१२४०४	१८६०.६०
५	प्र ज	सुदाम खड्का	१२४०४	१८६०.६०
६	बबई ७ दाङ	कुलबीर चौधरी	३२०००	४८००.००
७	बबई ७ दाङ	अजिल मिया	३२०००	४८००.००
८	बबई ७ दाङ	दिनेश चौधरी	३२०००	४८००.००
९	बबई ७ दाङ	किरण चौधरी	३२०००	४८००.००
१०	बबई ७ दाङ	सुरेश चौधरी	३२०००	४८००.००
११	एम्वुलेन्स चालक	गणेश वली	६२४००	९३६०.००
१२	एम्वुलेन्स चालक	दिपक वि.क.	६२४००	९३६०.००
१३	जीप चालक	कर्ण सिङ वि.क.	२४२५५	३६३८.२५
१४	का स	मिना घर्ती	४४७२०	६७०८.००
१५	का स	सुनिता डागी	४४७२०	६७०८.००
१६	का स	करिना परियार	४२६४०	६३९६.००
१७	बबई ५ दाङ	सेतुराम वि.क.	६३०००	९४५०.००
१८	बबई ५ दाङ	खड्क वली	६३०००	९४५०.००
१९	का स	पुष्पा न्यौपाने	१५६००	२३४०.००
२०	का स	खुमकली भण्डारी	१४५६०	२१८४.००
२१	का स	पारेश्वर पौडेल	१४५६०	२१८४.००
२२	बबई ६ दाङ	गोविन्द थापा	३३०००	४९५०.००
२३	बबई ६ दाङ	हरिप्रसाद रोका	३३०००	४९५०.००
२४	बबई ५ दाङ	गेदलाल खत्री	३३०००	४९५०.००
२५	बबई ६ दाङ	सन्तोष परियार	३३०००	४९५०.००
२६	बबई ५ दाङ	शेरबहादुर विश्वकर्मा	३९०००	५८५०.००
२७	बबई ३ दाङ	गोपाल वि.क.	३९०००	५८५०.००
२८	बबई ३ दाङ	ओमप्रकाश वि.क.	३९०००	५८५०.००
२९	बबई ३ दाङ	चक्रबहादुर डाँगी	३९०००	५८५०.००
	जम्मा		१०४५४९५	१५६८२४.२५

१०९	**बील भरपाई नभएको** - ३४—२०७७।३।३१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । चार जना प्रहरी कर्मचारीहरूको भत्ता रकम सि.अ.हे.व. हरि बहादुर खड्काले रू. ८६५४०।— बुझि लिएकोमा सम्बन्धितलाई बुझाएको भर्पाई पेश नभएको रू.	८६५४०.००

११० ३६—२०७७।३।३१ कोरोना भाइरस संक्रमण (कोभिड १९) प्रभावित मजदुर, श्रमिक, गरीब तथा आर्थक रूपमा विपन्न किसानलाई राहत वितरण (मापदण्ड तथा अनुगमन) निर्देशिका, २०७६ को नम्बर ३ अनुसारको समितिको सिफारिसमा आफ्नो वडा भित्र राहत उपलब्ध गराउनु पर्ने लक्षित समूहको पहिचान गरी अनुसूची १ को ढाँचामा विवरण तयार गरी वडा कार्यालय लगायत संचार माध्यममा समेत सार्वजनिक गरी सम्बन्धित स्थानीय तहमा पठाउन पर्ने व्यवस्था छ । कार्यालयले १७ जना व्यक्तिलाई रू. ५००० देखि १० हजार सम्मको दरले रू. १०००००।— भुक्तानी दिएको छ । यसरी भुक्तानी गर्दा निर्देशिका अनुसारको प्रकृया पुरा गरेको देखिएन । साथै ती व्यक्तिहरूलाई दिएको नगद राहत र जिन्सी राहत दोहोरो परे नपरेको समेत यकीन गर्न नसकिएको रू. १०००००.००

१११ **वार्षिक प्रतिवेदन** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको बिवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्था पालना हुनुपर्दछ ।

११२ **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ।कार्यालयबाट देहाय अनुसार निर्माण व्यवसायीलाई भुक्तानी भएको मोविलाईजेशन पेश्की रू. ११,७१,२३२।- नियमानुसार फछ्यौट हुनु पर्दछ ।

भौ.नं.	मिति	कार्यक्रम	पेश्की लिनेको नाम	पेश्की रकम
५	२०७६।९।१३	१ नं. वडा कार्यालय भवन	पि.यु.क्न्ष्ट्रक्सन	३२०४००.००
५	२०७६।९।१३	६ नं. वडाको प्रशासनिक भवन	पि.यु.क्न्ष्ट्रक्सन	३२०४००.००
२	२०७६।९।९	वडा स्वास्थ्य भवन	कस्यप निर्माण सेवा	५३०४३२.००
		कूल जम्मा		११७१२३२.००

११३ **आन्तरिक लेखापरीक्षण बेरुजूः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ (३) अनुसार कार्यालयले आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनु भन्दा अगाडि नै नियमित गराउनु पर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नु पर्नेमा प्रमाण पेश गरी वा असूल उपर गर्नु पर्नेमा असूल उपर गरी बेरुजू लगत कट्टा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंलाएका देहाय अनुसारका बेरुजूहरू अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको नपाइएको रू. २१७५४४.००

शीर्षक	भौ.न	विवरण	रकम
गा.पा चालु	५०	शरद गिरीको चैत महिनाको तलब दोहोरो परेको असूल गर्नुपर्ने	३४०६०
गा.पा चालु	१९१	थारु सांस्कृतिक कार्यक्रम सञ्चालनमा बील भरपाइ नपुगेको	२८५८
गा.पा चालु	२८५	वडा अध्यक्ष खड्क बहादुर कवरलाई दैनिक भ्रमण भत्ता वढी भुक्तानी भएको असूल गर्नुपर्ने	३९००
प्रकोप व्यवस्थापन	२५	स्वास्थ्य इन्चार्ज हेमराज वलीको बीलभरपाइ नपुगेको असूल गर्नुपर्ने	९००
गा.पा चालु	५१	वडा स्तरीय खेलकुद प्रतियोगिता वडा नं. ५ को कार्यक्रममा खेलाडी जर्सि र रेफ्री जर्सि बुझेको भरपाइ पेश नभएको	२१८५०
प्रकोप व्यवस्थापन	३४	सामाजिक सुरक्षा कर दाखिला गर्नुपर्ने	९८६४
गा.पा कृषि चालु	१६	स्प्रे ट्यांकी वितरण गरेको भरपाइ पेश गर्नुपर्ने	९९०००
	१३	सूचना अधिकृत भुवनचन्द वालनको कार्यालयमा हाजिर भएको	५६००

			दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने		
		४९	सूचना अधिकृत भुवनचन्द वालन कार्यालयमा हाजिर भएको दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने	३९००	
		२८	न्यायसमिति सचिव डिल्लीबहादुर वली कार्यालयमा हाजिर भएको दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने	२९००	
		२८	न्यायसमिती सचिव डिल्लीबहादुर वली कार्यालयमा हाजिर भएको दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने	२८६०	
		८६	न्यायसमिती सचिव डिल्लीबहादुर वली कार्यालयमा हाजिर भएको दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने	४४००	
		१३५	वडा सचिव दिलिपकुमार खत्री कार्यालयमा हाजिर भएको दिनको भ्रमण भत्ता बुझेको असूल गर्नुपर्ने	१०७२०	
			वडा नं. १ को राजस्व दाखिला नभएको हर्जना सहित दाखिला गर्नुपर्ने	१३६९३	
			वडा न ६ को राजस्व कम दाखिला गरेकोले हर्जना सहित राजस्व दाखिला गर्नुपर्ने	१०३९	
	जम्मा			२१७५४४	

११४ **अनुगमन तथा सम्परीक्षण**- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत वर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । (रू. हजारमा)

गत वर्षसम्मको बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	गत वर्षसम्मको बाँकी बेरुजू (C=A-B)
४००३७	२०५	३९८३२

११५ यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	बेरुजु दफा नं.	बेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५।७६	६२	पारिश्रमिक भुवनेश्वर पौडेल	९१८०.००				९१८०.००
२	२०७५।७६	५५	योजना अनुगमन भुवनेश्वर पौडेल	२८४००.००				२८४००.००
३	२०७५।७६	४९	चाडपर्व खर्च भुवनेश्वर पौडेल	२९७००.००				२९७००.००
४	२०७४।७५	१०	अतिरिक्त वैठक भुवनेश्वर पौडेल	३४५१०.००				३४५१०.००
५	२०७४।७५	१०	अतिरिक्त वैठक सावित्रा विश्वकर्मा	४९२१५.००				४९२१५.००
६	२०७५।७६	६२	अनुगमन भत्ता सावित्रा विश्वकर्मा	२७१००.००				२७१००.००
७	२०७५।७६	४९	चाडपर्व भुक्तानी सावित्रा विश्वकर्मा	२६७३०.००				२६७३०.००
जम्मा				२०४८३५				२०४८३५

११६ **अद्यावधिक बेरुजु** - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । (रू. हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)	यो वर्ष कायम बेरुजू (C)	संपरीक्षणबाट कायम बेरुजू (D)	अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D)
४००३७	२०५	७२३९	०	४७०७१

सञ्चित कोष विवरण

आर्थिक वर्ष २०७६।७७

(रू. हजारमा)

स्थानीय तह	जिल्ला		आय				जम्मा आय	व्यय				मौज्दात
		गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
		१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११(१+६-१०)
बबई गाउँपालिका	दाङ	३२२९१	३४५९९३	३००००	१७९७९	३१२९७	४५७५६०	१७५६०४	१६२५१४	५००३७	३८८१५५	६९४०५

बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रू. हजारमा)

स्थानीय तह	जिल्ला	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
		दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	दफा सङ्ख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
बबई गाउँपालिका	दाङ	८४	३५	७२३९	०	०	०	८४	३५	७२३९	१५६३	२१७८	३४९८	०	०	५६७६	०	०	०

बेरुजूको अद्यावधिक स्थिति

(रू. हजारमा)

गत वर्ष सम्मको बाँकी	यस वर्ष फछ्र्यौट	बाँकी बेरुजू	यस वर्षको स.प.बाट कायम बेरुजू	यो वर्षको कायम बेरुजू	बाँकी
४००३७	२०५	३९८३२	०	७२३९	४७०७१